# प्रभाव दैनिक

National Daily

वर्ष १२ | अंक ७९ | काठमाडौं | शुक्रबार, २७ असार २०८२ | Prabhab National Daily | Friday, July 11, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

**प्रभाव पब्लिकेसन प्रा.लि.**
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


## पूर्वमन्त्री आलमलाई सफाइ दिने फैसलाविरूद्ध सर्वोच्च जाँदै महान्यायाधिवक्ता कार्यालय



■ जेबी योञ्जन

- आलमसहितलाई सफाइ दिने उच्चको फैसलाविरूद्ध महान्यायाधिवक्ता कार्यालय सर्वोच्चमा पुनरावेदन गर्दै
- न्यायाधीशद्वय डा. खुसीप्रसाद थारू र अर्जुन महर्जनमाथि छानबिन जारी
- बम विष्फोटलाई स्टोभ विष्फोट भएको, मान्छे मरेको भन्ने अनुसन्धानबाट पुष्टि नभएकोजस्ता विवादास्पद ठहरले न्यायिकवृत्त नै चकित

**काठमाडौं–** 'रौतहट नरसंहार'मा कांग्रेस नेता तथा पूर्वमन्त्री आफताब आलमसहितलाई सफाइ दिने उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगञ्जको फैसलाविरूद्ध महान्यायाधिवक्ता कार्यालय सर्वोच्च अदालत जाने भएको छ।

कार्यालयका प्रवक्ता सूर्यराज दाहालले उच्चको फैसला न्यायिक र स्वाभाविक नदेखिएको भन्दै पुनरावेदन गर्ने निर्णय बिहीबार भएको प्रभावलाई बताए। उनका अनुसार सरकारी वकिलको कार्यालय वीरगञ्जले मिसिल तयार गरेर पुनरावेदनको रायसहित गत साता नै प्रतिवेदन पठाइसकेको छ। प्रतिवेदनको अध्ययनपछि महान्यायाधिवक्ताको कार्यालयले पुनरावेदनमा जाने निर्णय गरेको हो।

गत १४ जेठमा उच्च अदालतको वीरगञ्ज इजलासले बम विष्फोटका घाइतेहरूलाई ज्युँदै इँटाभट्टामा जलाएर मारेको आरोप खेपेका आलमसहित चार जनालाई ज्यान मुद्दामा सफाइ दिएको थियो। फैसलामा भनिएको छ, 'इँटाभट्टामा हाली पोलिएको भन्ने ठोस सबुत प्रमाण वादीले पेस गर्न नसकेको र विधि विज्ञान परीक्षण प्रतिवेदनसमेत मृतकहरूलाई इँटाभट्टामा पोलिएको अभियोग दाबी पुष्टि हुन नसकेको अवस्थामा सजाय नमिलेको देखिँदा जिल्ला अदालतको फैसला उल्टी भई सफाइ पाउने ठहर्छ।'

त्यसबेला उच्चले जे-जस्ता आधारहरू देखाएर आरोपितहरूलाई सफाइ दियो, ती पहिलो दृष्टिमै न्यायिक नभएको तर्क न्यायिकवृत्तमा भइरहेको छ। विवादास्पद फैसला गर्ने न्यायाधीशद्वय डा. खुसीप्रसाद थारु र अर्जुन महर्जन हुन्। उनीहरूले प्रतिवादी आलमसहितलाई सफाइ दिँदा मूलतः तीनवटा आधार अघि सारेका थिए।

पहिलो, बम विष्फोटको घटना अनुसन्धानबाट पुष्टि हुन सकेन। दोस्रो, २७ चैत २०६४ मा आलमको घरमा बम विष्फोटको पुष्टि हुन सकेन। तेस्रो, मारिएका भनिएका व्यक्तिहरूलाई इँटाभट्टामा पोलिएको भन्ने ठोस प्रमाण भेटिएन।

यी तीन आधार अघि सारेर अपत्यारिलो ढंगले आलमसहितलाई सफाइ दिइएको थियो। कतिसम्म भने बम विष्फोटलाई स्टोभ विष्फोट भनेका थिए। जबकि, घटनाका केही साक्षी अझै छन्। साक्षी तथा घाइते भएर बल्लतल्ल बाँचेका भारतको बिहार सीतामढीका ४३ वर्षीय गौरीशंकरराम चमार शरीरका खतैखत बोकेर गत शनिबार काठमाडौंमा आएका छन्। आलमसहितले सफाइ पाएपछि घटनाको फेहरिस्त सुनाउन काठमाडौं आएको उनले बताएका छन्। उनको जिउधनको सुरक्षा गर्न इन्सेकले सरकारलाई सुझाएको छ।

बमले दुवै कान उडाएको, अनुहार, घाँटी र छातीमा गम्भीर चोट लागेर धन्न बाँचेका गौरीशंकरका अनुसार उनी घाइते अवस्थामा केही पर भाग्न सफल भएपछि जिउँदै इँटाभट्टामा हालिनबाट जोगिएका थिए। उनले हालै काठमाडौंमा पत्रकार सम्मेलन गरी आफू त्यसबेला गाउँमा चलेका इँटा बनाउने मिस्त्री थिए। त्यही भएर आफ्तावका भाइ महताबले सितामढी गएर उनीसहित स्थानीय नरेश राम र मुनिस रामलाई ०६४ पुसमा इँटा बनाउन राजपुर ल्याए।


क्रमशः पृष्ठ २ मा


# कारबाहीपछि कांग्रेसमा हलचल

## संस्थापनइतरले प्रतिवाद गर्ने

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली कांग्रेसले निर्वाचनमा अन्तर्घात गरेको आरोपमा एकैपटक २३ जना नेतामाथि कारबाहीको दण्ड चलाएपछि हलचल सिर्जना भएको छ। २०७९ को निर्वाचनमा उद्योगपति विनोद चौधरीदेखि एकीकृत समाजवादीका नेतालाई हराउन लागेको आरोपमा बुधबार कांग्रेस अनुशासन समितिले कारबाही गरेको सूचना सार्वजनिक गरेको थियो।

कारबाहीको सूचीमा रहेका नेताहरूमा गण्डकी प्रदेशका महामन्त्री विक्रम खनालदेखि खोटाङका सभापति विष्णु राईसम्म परेका छन्। उनीहरूलाई वर्ष दिनसम्मका लागि कांग्रेसबाट निष्कासन गरिएको समितिका संयोजक आनन्दप्रसाद ढुंगानाले जारी गरेको विज्ञप्तिमा उल्लेख छ। 'प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन, २०७९ मा पार्टीको आधिकारिक उम्मेदवारलाई असहयोग गरेको भनी परेको उजुरीमा केन्द्रीय अनुशासन समितिबाट स्पष्टीकरण सोधिएको सन्दर्भमा निजहरूले दिएको स्पष्टीकरण चित्तबुझ्दो नदेखिएकोले उपलब्ध प्रमाणहरूको आधारमा निजहरूलाई एक वर्ष नेपाली कांग्रेसको सदस्यताबाट निस्काशन गर्ने निर्णय गरको छ,' बुधबार ढुंगानाले सार्वजनिक गरेको विज्ञप्तिमा उल्लेख छ।

नेताहरू कारबाहीमा परेपछि संस्थापनइतरका नेता डा. शेखर कोइरालाले बिहीबार बिहानै आफ्नो सम्पर्क कार्यालय बालुवाटारमा बैठक डाके। बैठकमा उपसभापति धनराज गुरुङ, सहमहामन्त्री जीवन परियार, नेताहरू अर्जुननरसिंह केसी, बलबहादुर केसी, अनुशासन समिति सदस्य सञ्जय गौतमलगायत नेताहरू सहभागी भए।

बैठकपछि नेता डा. कोइरालाले कारबाही एकतर्फी भएको र फिर्ता नलिए प्रतिवाद गरिने बताए। 'कारबाहीमा परेका कसैलाई पनि अन्याय हुन दिइन्न। कारबाही विधान विपरीत र एकातर्फी भएको छ,' नेता कोइरालाले भने। बैठकले निर्णय अघि नबढाउन सभापति शेरबहादुर देउवालाई आग्रह गर्ने र यसको सशक्त प्रतिरोध गर्ने निर्णय गरेको छ।

अनुशासन समितिको कारबाही पक्षपातपूर्ण भएकोले अमान्य हुने कांग्रेस नेता गुरुराज घिमिरेले बताए। 'यो पक्षपातपूर्ण छ। गुट प्रेरित छ।


क्रमशः पृष्ठ २ मा




बालुवाटारस्थित डा. शेखर कोइरालाको सम्पर्क कार्यालयमा बिहीबार बसेको बैठकमा सहभागी कांग्रेस संस्थापनइत्तरका नेताहरू।

> कारबाहीमा परेका कसैलाई पनि अन्याय हुन दिइन्न। कारबाही विधानविपरीत र एकातर्फी भएको छ।
>
> ■ **डा. शेखर कोइराला**
> नेता, नेपाली कांग्रेस

> स्पष्टीकरण माग्ने, सचेत गराउनेजस्ता विषयपछि कारबाही गर्ने प्रक्रिया छन्। तर एकैपटक कारबाही आयो। यो विधानसम्मत भएन। केन्द्रीय समितिले अन्तिम निर्णय नगरेसम्म यो कारबाही भएको मानिँदैन।
>
> ■ **सञ्जय गौतम**
> केन्द्रीय सदस्य, नेपाली कांग्रेस

### को-को परे कारबाहीमा ?

तेह्रथुम जिल्लाका महासमिति सदस्य तुलसी सुब्बा, कास्की जिल्लाका महासमिति सदस्य एवं गण्डकी प्रदेशका पूर्वमन्त्री कुमार खड्का, लुम्बिनी प्रदेशका महामन्त्री विक्रम खनाल, खोटाङ जिल्लाका सभापति विष्णुकमार राई, पर्सा जिल्ला क्षेत्र नं. १ का क्षेत्रीय सभापति अरविन्दकुमार गुप्ताले पार्टीको स्पष्टीकरण चित्तबुझ्दो नदेखिएकोले उपलब्ध प्रमाणहरूको आधारमा निष्कासन गरिएको कांग्रेसले जनाएको छ।

यस्तै, धनुषा जिल्ला सबैला नगरपालिकाका नगर सभापति खटरु यादव, धनुषाधाम नगरपालिका वडा नं. १ का रामबाबु यादव र मुखियापट्टी मुसहरनियाका सभापति फुलगेन यादव र कास्की जिल्ला क्षेत्र नं. २ का क्षेत्रीय सहसचिव भावना श्रेष्ठ, कैलाली जिल्ला धनगढी उपमहानगरपालिका वडा नं. २ का महाधिवेशन प्रतिनिधि भिमबहादुर शाह, निवर्तमान जिल्ला सचिव पूर्णकुमार कुँवरलाई निलम्बन गरेको छ।

धनगढी उपमहानगरपालिका वडा नं. १ का पूर्वमहासमिति सदस्य आनन्दराज जोशी, धनगढी उपमहानगरपालिका वडा नं. २ का क्षेत्रीय प्रतिनिधि रविन्द्रप्रताप सिंह, क्रियाशील सदस्य लेखराज ओझा, धनगढी उपमहानगरपालिका वडा नं. १ का क्रियाशील सदस्य सुभाष चन्द, धनगढी उपमहानगरपालिका वडा नं. ५ का पूर्व महाधिवेशन प्रतिनिधि बब्लुकुमार चौधरीलाई पनि उपलब्ध प्रमाणहरूको आधारमा निलम्बन गरिएको उल्लेख छ।


क्रमशः पृष्ठ २ मा


**सन्दर्भः वैदेशिक रोजगार**

# रेडियण्ट ओभरसिजले ब्रुनाइ पठाएका महिला श्रमिकले पाएनन् पूरा तलब

■ प्रभाव संवाददाता

- ब्रुनाइबाट आधा तलब लिएर फर्किए दुई महिला
- डेढ महिनादेखि जानकारी गराउँदासमेत म्यानपावरले बेवास्ता गरेको पीडित महिलाहरूको गुनासो
- रेडियण्ट ओभरसिजको दाबी– दुई महिनाको मात्रै बाँकी छ तलब

**काठमाडौं–** रोजगारीका लागि ब्रुनाइको लण्ड्री कम्पनीमा गएका दुई नेपाली महिला आधा तलब नलिई नेपाल फर्किएका छन्। सिनामंगलस्थित रेडियण्ट ओभरसिज प्रालिबाट 'योर लण्ड्री सर्भिसेज' नामको कम्पनीमा गएका उनीहरूले आफूहरू यस्तो अवस्थामा फर्किनुपर्दा पनि म्यानपावरले वास्ता नगरेको बताएका छन्।

सिन्धुपाल्चोक र पाँचथरका ती महिलालाई लण्ड्री कम्पनीले आधामात्र तलब दिएर बिहीबार फर्काइदिएको छ। गत डिसेम्बरमा करार अवधि सकिएपछि उनीहरू छ महिनादेखि काम छोडेर बसेका थिए। बाँकी तलब लिएर नेपाल फर्किने आशमा बसेका उनीहरू अन्ततः आधामात्र तलब लिएर फर्किनुपरेको हो।

पीडितले गत जेठ १० गते तलब नपाएको, कम्पनीले टर्चर दिएको र नेपालसमेत नपठाइदिएको जानकारी गराउँदासमेत म्यानपावरले बेवास्ता गरेको हो। कुनै पनि इजाजत प्राप्त संस्थाबाट रोजगारीमा गएका श्रमिक विदेश पुगिसकेपछि सम्झौताअनुसारको तलब, सेवा सुविधा पाए/नपाएको विषयमा पठाउने संस्था जवाफदेही हुनुपर्ने प्रावधान छ। तर रेडियण्ट ओभरसिजको चरम लापरवाही देखिएको छ।

एक जनाको पाँच महिना र अर्कोको चार महिनाको तलब लिन बाँकी रहेको पीडितले बताएका छन्। रेडियण्ट ओभरसिजले भने पीडित महिलाहरूले पाउन बाँकी तलब दुई महिनाको मात्र रहेको दाबी गरेको छ। 'उनीहरूको तलब दिइसक्यो। अब दुई महिनाको बाँकी छ। दुई-चार दिनभित्र दिइहाल्छ,' म्यानपावरका नवराज कार्कीले प्रभावसँग भने। आफ्नो संस्थाबाट गएकाहरूको खास समस्या के हो भन्ने विषयमा म्यानपावरले चासो नलिएको पाइएको छ। आफ्नो संस्थाबाट दुई वर्षअघि गएका महिला श्रमिकहरूले करार अवधि सकिएको छ महिना बितिसक्दा पनि पूरा तलब पाएका छैनन्, उनीहरू कस्तो अवस्थामा बसेका छन्, उनीहरू कुन मितिमा नेपाल फर्किंदै छन् जस्ता सामान्य उक्त म्यानपावरले चासो नदिएको देखिन्छ।

म्यानपावरले आफूहरूसँग राम्रो 'रेस्पोन्स' नगरेको र समस्याप्रति पनि चासो नदेखाएको पीडित महिलाहरूको भनाइ छ। म्यानपावरले भने पीडित महिलाहरूले आफ्नो फोन नउठाएको बताएको छ। 'फोन नै उठाएनन् तिनीहरूले, हिजो (बुधबार) कल गरेको थिएँ,' रेडियण्ट ओभरसिजका कार्कीले भने।

उनीहरूलाई मासिक ७० देखि ८० हजार रूपैयाँ हुने र प्रत्येक दिन आठ घण्टा काम गर्नुपर्ने सम्झौता गराएर लण्ड्री कम्पनीमा पठाइएको थियो। तर त्यहाँ गएपछि ११ घण्टा काम गर्नुपरेको उनीहरूले बताएका छन्। कम्पनीको काम सकिएपछि साहुको घरमासमेत काम गर्न लगाएको उनीहरूको भनाइ छ। 'पैसा माग्यो भने रिसाउने, मेण्टल टर्चर (मानसिक तनाव) दिने गर्छ,' उनीहरू भने।

आकर्षक रोजगारीको प्रलोभन देखाएर श्रमिक पठाउने कतिपय म्यानपावर कम्पनी श्रमिकहरू समस्यामा पर्दा भने बेवास्ता गरेर बस्ने गरेका छन्। जसको उदाहरण रेडियण्ट ओभरसिज बनेको छ। व्यवसायीको यस्तो प्रवृत्तिकै कारण वैदेशिक राजगारीमा गएका श्रमिक समस्यामा पर्दै आएका छन्। अर्कोतर्फ वैदेशिक रोजगार व्यवसायको छवि धमिलिने गरेको छ।

रेडियण्ट ओभरसिजबाटै पाँच महिनाअघि गएकी विमला मोक्तान भने सोही कम्पनीमा कार्यरत छिन्। हाल उनको दुई महिनाको तलब लिन बाँकी रहेको बुझिएको छ।


क्रमशः पृष्ठ २ मा






जनहितमा जारी सन्देश

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा–७, सिफल, काठमाडौं

पृष्ठ १ बाट क्रमशः

## कारबाहीपछि कांग्रेसमा...

अर्को पक्षलाई पाखा लगाउने उद्देश्यमा आधारित छ,' बैठकपछि घिमिरेले भने ।

### विष्णुको आरोप भूपेन्द्रमाथि, विक्रमको विनोदमाथि

खोटाङका सभापति राईले आफूलाई सहमहामन्त्री भीष्मराज आङ्देम्बेका ज्वाइँ भूपेन्द्र राईले गर्दा कारबाही भएको आरोप लगाए । भूपेन्द्र राई हाल कोशी प्रदेश सरकारमा भौतिक पूर्वाधार विकास तथा स्वास्थ्यमन्त्री छन् भने कांग्रेस कोशीका महामन्त्री हुन् ।

भूपेन्द्रलाई पटक-पटक असहयोग गरेको आरोप केन्द्रीय समितिमा भीष्मराजले सुनाएका थिए । 'पाँचथरको आङ्देम्बेका ज्वाइँ क्षेत्रीय सभापतिमा लडाएकै हुँ । क्षेत्रीय सभापतिमा हार्नुभयो । अहिले प्रदेश महामन्त्री हुनुहुन्छ । क्षेत्रीय सभापति खाली भएपछि इमान्दारलाई राख्न खोज्दा उहाँ त्यतिबेला अनसन बस्नुभयो । चुनाव हुँदा फेरि उहाँ हार्नुभयो,' कारबाहीमा परेका राईले भने ।

तीन वर्षअघिको निर्वाचनमा खोटाङ प्रतिनिधिसभामा कांग्रेसले माओवादीका उम्मेदवार रामकुमार राईलाई समर्थन गरेको थियो भने प्रदेशसभाको निर्वाचनमा क्षेत्र नं १(२) मा कांग्रेसकै भुपेन्द्र राईलाई उम्मेदवार बनाएर र क्षेत्र नं १(१) मा एकीकृत समाजवादीका वीरबलकाजी राईलाई समर्थन गरेको थियो । प्रतिनिधिसभामा रामकुमार र प्रदेशसभामा भुपेन्द्र निर्वाचित हुँदा अर्को प्रदेशसभाका उम्मेदवार बिरबलकाजीलाई भने पराजित भएका थिए । यता गण्डकीका महामन्त्री खनालले भने आफूलाई उद्योगपति विनोद चौधरीको आरोपमा कारबाही अगाडि बढाइएको बताएका छन् ।

### समितिभित्रै असन्तुष्टि

कांग्रेस अनुशासन समितिमा संयोजक ढुंगानासहित ईश्वरी न्यौपाने, ध्रुव वाग्ले, सञ्जय गौतम र राजीव कोइराला छन् । पाँचमध्ये ढुंगानासहित न्यौपाने र वाग्ले कांग्रेस सभापति शेरबहादुर देउवा समूहका हुन् भने दुई जना संस्थापनइतरका ।

कारबाहीको निर्णयमा समितिका सदस्यद्वय गौतम र कोइरालाले 'नोट अफ डिसेन्ट' लेखेका थिए । कारबाही गर्ने प्रक्रिया नै नमिलेको समितिका सदस्य गौतमले दाबी गरे । 'स्पष्टीकरण माग्ने, सचेत गराउनेजस्ता विषयपछि कारबाही गर्ने प्रक्रिया छन् । तर एकैपटक कारबाही आयो । यो विधानसम्मत भएन । केन्द्रीय समितिले अन्तिम निर्णय नगरेसम्म यो कारबाही भएको मानिँदैन,' गौतमले भने ।

तर ढुंगानाले जारी गरेको विज्ञप्तिमा भने स्पष्टीकरण सोधिएको र चित्तबुझ्दो नभएको बताइएको छ । गौतमले भने निर्णयको छ महिनाभित्र कारबाही सार्वजनिक गर्नुपर्नेमा डेढ वर्षपछि एकाएक विज्ञप्ति आएको दाबी गरे । संस्थापनपक्षीय अनुशासन समिति सदस्य वाग्लेले उजुरी परेको छ महिनाभित्र कारबाही गरिसक्नुपर्ने नियमावलीमा उल्लेख भए पनि त्यो भन्दा बढी समयपछि कारबाही गर्न नमिल्ने भन्ने उल्लेख नभएको दाबी गरे । 'उजुरी परेको छ महिनाभित्र कारबाही गर्ने उल्लेख छ । उजुरी परेको छ महिनाभन्दा बढी समय भएपछि कारबाही गर्न मिल्दैन भनेर विधान नियमावली कतै लेखेको छैन,' वाग्लेले भने ।

कांग्रेस उपसभापति धनराज गुरुङले सभापति देउवा, उपसभापतिहरू र महामन्त्रीहरूकाबीच अनुशासन समितिको फाइल अहिले नचलाउने कुरा भएको बताएका थिए । यसबारे छलफल गर्न महामन्त्री गगन थापा जेठ १६ गते शेखरको सम्पर्क कार्यालय पुगेका थिए ।

अन्तर्घातीलाई कारबाही गर्नुपर्ने भन्ने विषय असार १६ देखि २३ गतेसम्म चलेको केन्द्रीय समितिमा पनि उठेको थियो । तर विषम् परिस्थितिमा आफ्नो नेता कार्यकर्ता जोगाउन माफी दिनुपर्ने सुझावसमेत कतिपय केन्द्रीय सदस्यको थियो ।

■■■

## को-को परे...

उनीहरूलाई नेपाली कांग्रेसको विधान २०१७ (संशोधन सहित) धारा ३४ को उपधारा १ (क) (ख) (घ) अनुसार ६ (छ) महिना र नेपाली कास्कीका निवर्तमान सभापति कृष्ण केसीलाई ३ (तीन) महिनाका लागि निलम्बन गरेको छ ।

### कारबाहीमा परे के हुन्छ ?

कांग्रेसको महाधिवेशनअघि सबैभन्दा पहिले क्रियाशील सदस्यता नवीकरण हुन्छ । क्रियाशील सदस्यता नवीकरणका लागि दलको कारबाहीमा नपरेको हुनुपर्ने विधानमा उल्लेख छ । विधानको परिच्छेद २ को ४ को ३(ञ)मा क्रियाशील सदस्यता प्राप्तिसम्बन्धी व्यवस्थामा भनिएको छ, 'पार्टी अनुशासन वा आचारसंहिताको उल्लंघनमा पार्टीबाट कारवाईमा नपरेको ।' महाधिवेशनको मुखमा कारबाहीमा परे क्रियाशील नवीकरण नहुने र जसका कारण झण्डै चार वर्ष पार्टीको कुनै तहको उम्मेदवार बन्न नपाइने नेताहरू बताउँछन् ।

■■■

## पूर्वमन्त्री...

महताबले तीनैजनालाई सोही इँटाभट्टामा काम गर्न लगाए । मजदुरलाई प्रत्येक साताको अन्तिम दिन ज्याला दिने चलन थियो । सोहीअनुसार २७ चैत ०६४ को दिन पनि साताको ज्याला बुझ्ने दिन थियो । ज्याला लिन गौरीशंकर, नरेश र मुनिस महताबको घरतर्फ जाँदै गर्दा त्यस्तै साँझ ठीक ६:३० बजे शेख इद्रिशको गोठनजिक पुगेका थिए । त्यहीबेला अचानक गोठमा बम विष्फोट भयो । विष्फोटबाट निस्केको बारुदका छर्रासहित आगोको लप्काले गौरीशंकरको छातीमा गम्भीर चोट लाग्यो । घाँटी जलायो र दुवै कान उछिट्टिए ।

गौरीशंकरलाई सम्झना भएअनुसार त्यस घटनामा २२-२५ जनाको ज्यान गएको थियो । तर, घटनामा दुई जनाको मात्रै ज्यान गएको विवरण सार्वजनिक भएको छ । सोही घटनामा १३ वैशाख २०८१ मा जिल्ला अदालत रौतहटले आलमसहितका आरोपीहरूलाई जन्मकैदको सजाय तोकेको थियो । त्यसलाई उच्च अदालतले भने उल्टाएको हो ।

जिल्लाको फैसला उल्टी भएको सन्दर्भमा न्यायाधीश थारुको भूमिकामाथि सर्वाधिक प्रश्न उठिरहेको छ । विशेष अदालतको वरिष्ठतम् सदस्य हुँदा थारुसहितको इजलासले ललितानिवास जग्गा अनियमितता प्रकरणमा मुछिएका कांग्रेस नेता रहेका तत्कालीन भौतिकमन्त्री एवं उपप्रधानमन्त्री विजयकुमार गच्छदारलाई सफाइ दिएका थिए । तर, प्रस्तावको फाइल पेस गर्ने मातहतका सचिव दीपकुमार बस्न्यातलाई दोषी ठहर गरेका थिए ।

त्यसपछि उच्च अदालतको वीरगञ्ज इजलासमा थारुको सरुवा भएको थियो । उनै थारु नेतृत्वको इजलासले आलमलाई सफाइ दिएको हो । न्याय परिषद् स्रोतका अनुसार आलमलाई सफाइ दिँदाका घटनाक्रमहरूसमेत स्वाभाविक छैन । जस्तोः थारूको इजलासमा मुद्दा नपरुञ्जेल सुनवाइ नै नभएको, दोस्रो नम्बरको मुद्दाले प्राथमिकता पाएको, करिब चार घण्टाको सुनुवाइपछि मुद्दाको फैसला भएको भनिएको छ ।

कांग्रेस सभापति शेरबहादुर देउवालेसमेत १९ फागुन २०७७ मा रौतहटको गौरमा आयोजित कार्यक्रममा आलमलाई जसरी पनि निकाल्ने भन्ने अभिव्यक्ति दिएका थिए । नभन्दै आलमसहितले राजापुर घटनामा सफाइ पाए । यसपछि न्यायाधीशद्वय थारु र महर्जन छानबिनमासमेत तानिएका छन् । सर्वोच्चका न्यायाधीश विनोद शर्माको अध्यक्षतामा गठित समितिले न्यायाधीशद्वय थारु र महर्जनउपर छानबिन गर्दै छ । यहीबेला महान्यायाधिवक्ता कार्यालयले पनि पुनरावेदनका लागि सर्वोच्च जाने निर्णय गरेको हो ।

'रौतहट बमकाण्ड' समेत भनेर चिनिने उक्त घटनामा मारिएका पिन्टु राजपुतका पिता ८४ वर्षे नारायणसिंहले न्याय परिषद्मा उजुरी दिएका छन् । उजुरीमा उनले तथ्य प्रमाणभन्दा बाहिर गई सफाइ दिने न्यायाधीशद्वयमाथि छानबिन गरिपाऊँ भनेका छन् । उनीसँगै उजुरी दिने अधिवक्ता युवराज सफल पनि हुन् ।

१७ वर्षअघि २०६४ चैत २७ गते रौतहटको राजापुरमा बम विष्फोट भएको थियो । संविधानसभा चुनावको अघिल्लो दिन भएको बम विष्फोटमा पिन्टु भनिने त्रिलोकप्रताप सिंह राजपुत र ओसी अख्तर घाइते भएका थिए । उनीहरूलाई इँटाभट्टामा फालेर जिउँदै जलाएको कसुर आलमसहितले गरेको भनिएको छ । तर, उच्चको फैसलाबाट सफाइ पाएपछि १४ जेठमै नख्खु कारागारमा रहेका आलम छुटेका थिए ।

यसपछि न्यायिकवृत्तमा आमलसहितलाई सफाइ दिने फैसलाप्रति प्रश्न उठेको थियो । संसद्मा समेत आलमले उन्मुक्ति पाएको विषयले प्रवेश पायो । कतिपयले त आलमले सफाइ पाएको सन्दर्भमा सत्ताको छायाँ परेको भनेर टिप्पणी गरे । सारा तथ्य र प्रमाण एकातिर र उच्चको फैसला अर्कोतिर आएको भन्दै विरोध गरे ।

आलम कांग्रेसको मधेसका वरिष्ठ नेता हुन् । उनलाई राजापुर बमकाण्डको मुख्य आरोपी मानिन्छ । भनिन्छ, आफ्तावको योजनाअनुसार पहिलो संविधान सभाको निर्वाचनको पूर्वसन्ध्यामा मतदान केन्द्र कब्जा गर्ने उद्देश्यले बम बनाउने क्रममा विष्फोट भएको थियो । कम्तीमा दुईजनाको घट्नास्थलमै मृत्यु भएको थियो ।

घटनामा १३ जना घाइते भएको र उनीहरूलाई जिउँदै इँटाभट्टामा जलाएर मारेको अभियोग आलममाथि लागेको छ ।

■■■

## रेडियण्ट...

उक्त कम्पनीमा अन्य मुलुकबाटसमेत गरी १५ जनाजति कामदार रहेको पीडित महिलाहरू बताउँछन् । उनीहरूको पनि एक वर्षभन्दा बढीको तलब पाउन बाँकी रहेको बताइएको छ ।

वैदेशिक रोजगार विभागका उपमहानिर्देशक तथा प्रवक्ता चन्द्रबहादुर सिवाकोटी रोजगारीमा गएका श्रमिकले सम्झौताअनुसारको तलब नपाए पठाउने कम्पनी स्वयं जिम्मेवार हुनुपर्ने बताउँछन् । 'जुन सम्झौता गरेर गएको छ त्यो अनुसारको तलब, काम नपाएर व्यक्ति फर्किनुपरे उसले राहत तथा उद्धार शाखामा निवेदन हाल्नुपर्छ । त्यहाँबाट सम्बन्धित म्यानपावरलाई बोलाएर छलफलपछि मिलापत्र हुन्छ,' उनले भने, 'यही मिलापत्र नभए कारबाहीको प्रक्रियामा जान्छ, म्यानपावरले आवश्यक क्षतिपूर्ति उपलब्ध गराउनुपर्छ ।' यस्ता श्रमिकलाई आफ्नो विवरणसहित विभागमा उपस्थित हुन उनले आग्रह गरे ।रेडियण्ट...

उक्त कम्पनीमा अन्य मुलुकबाटसमेत गरी १५ जनाजति कामदार रहेको पीडित महिलाहरू बताउँछन् । उनीहरूको पनि एक वर्षभन्दा बढीको तलब पाउन बाँकी रहेको बताइएको छ ।

वैदेशिक रोजगार विभागका उपमहानिर्देशक तथा प्रवक्ता चन्द्रबहादुर सिवाकोटी रोजगारीमा गएका श्रमिकले सम्झौताअनुसारको तलब नपाए पठाउने कम्पनी स्वयं जिम्मेवार हुनुपर्ने बताउँछन् । 'जुन सम्झौता गरेर गएको छ त्यो अनुसारको तलब, काम नपाएर व्यक्ति फर्किनुपरे उसले राहत तथा उद्धार शाखामा निवेदन हाल्नुपर्छ । त्यहाँबाट सम्बन्धित म्यानपावरलाई बोलाएर छलफलपछि मिलापत्र हुन्छ,' उनले भने, 'यही मिलापत्र नभए कारबाहीको प्रक्रियामा जान्छ, म्यानपावरले आवश्यक क्षतिपूर्ति उपलब्ध गराउनुपर्छ ।' यस्ता श्रमिकलाई आफ्नो विवरणसहित विभागमा उपस्थित हुन उनले आग्रह गरे ।

# 'आयोडिनयुक्त नुन ऐन' परिमार्जन गर्न संसदीय समितिको निर्देशन

**काठमाडौं (प्रस)–** उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ताहित समितिको बिहीबारको बैठकले 'आयोडिनयुक्त नुन (उत्पादन तथा बिक्री वितरण) ऐन, २०५५' लाई हालको सन्दर्भअनुसार यथाशीघ्र परिमार्जन गरी कार्यान्वयनमा ल्याउन सरकारलाई निर्देशन दिएको छ ।

समिति सभापति अब्दुल खाँनले ऐन बनेको लामो समयपछि कार्यान्वयनमा ल्याउँदा त्यसको सान्दर्भिकता परिवर्तन भएको बताउँदै ऐनमा नुनको सहज र सर्वसुलभ आपूर्ति सुनिश्चित गर्न आवश्यक सबैपक्ष नसमेटिएको बताए । उनले भने, 'यो ऐनले विगतमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमार्फत भइरहेको आयोडिनयुक्त नुनको आपूर्ति, ढुवानी र वितरणलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको जिम्मेवारीमा राखेको छ । तर मन्त्रालयहरूबीच कार्यविभाजन अस्पष्ट भएकाले ऐन परिमार्जन आवश्यक देखिएको छ ।'

बैठकले 'आयोडिनयुक्त नुन ऐन' समयसापेक्ष बनाई संशोधन गर्न नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई आवश्यक व्यवस्था मिलाउन निर्देशन दिएको हो ।

नुनको कारोबारमा निजी क्षेत्र एवं अन्य निकायलाई खुला गर्दा नुनको आपूर्ति शृंखला, गुणस्तरीयता, मूल्य तथा दुर्गम क्षेत्रका नागरिकका लागि नुनको उपलब्धतामा पर्नसक्ने असरबारे विस्तृत अध्ययन गर्नुपर्ने समितिले निष्कर्ष निकालेको छ ।

वि.सं. २०५५ मै उक्त ऐन बने पनि त्यसयताका सरकारहरूले राजपत्रमा सूचना प्रकाशन नगर्दा ऐन कानुनी रूपमा कार्यान्वयन भएको थिएन । सरकारले गत वैशाख २२ मा नेपाल राजपत्रमा सूचना प्रकाशन गर्दै 'आयोडिनयुक्त नून (उत्पादन तथा बिक्री वितरण) ऐन, २०५५' लाई आगामी साउन १ गतेदेखि लागू हुने निर्णय गरिसकेको छ । ऐनको समयमानुकूल परिमार्जन नहुँदासम्म नुनको आपूर्ति, ढुवानी तथा बिक्री वितरणसम्बन्धी व्यवस्था साविकबमोजिम नै हुनेगरी आवश्यक व्यवस्था गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मान्त्रालयलाई निर्देशन गर्ने सभापति खाँनले बताए ।

# संसद् भवनमा ड्रोन खसालेको आरोपमा पाँच जना पक्राउ

**काठमाडौं (प्रस)–** संघीय संसद् भवनमा ड्रोन खसालेको आरोपमा प्रहरीले पाँच जनालाई नियन्त्रणमा लिएको छ । जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवं प्रहरी उपरीक्षक अपिलराज बोहराका अनुसार काठमाडौं महानगरपालिका-१० नयाँ बानेश्वर, सुवर्णमार्गस्थित टेकस्पायर कलेजका प्राध्यापक एवं कोर्स को-अर्डिनेटर विजयबाबु रेग्मी, सोही कलेजका विद्यार्थीहरू समन महर्जन, सुजल काजी श्रेष्ठ, समिप खतिवडा र अफ्ताव रेजा रहेका छन् ।

'संघीय संसद् भवनमा ड्रोन खसालेको आरोपमा पाँच जनालाई नियन्त्रणमा लिई जिल्ला प्रशासन कार्यालय काठमाडौंमा उपस्थित गराइएको छ,' उनले भने । यही असार २४ गते बिहान ९:३० बजे संघीय संसद् भवन (उडान निषेधित क्षेत्र) को दक्षिणतर्फको छतमा एक थान ड्रोन फेला परेको र टेकस्पायर कलेजको लोकेशनबाट सो ड्रोनले उडान सुरु गरेको देखिएको प्रहरीले जनाएको छ ।

कलेजका प्रधानाध्यापक लक्ष्मण पोखेलले प्राध्यापक एवं विद्यार्थीहरूलाई उक्त ड्रोन निर्माण गरी परीक्षण गर्न भनी यही असार १३ गते लिखितरूपमा सेमेस्टर कार्य दिइएको भन्ने बुझिएको प्रहरी प्रवक्ता बोहराले बताए ।

# हिमताल विष्फोटबाटै रसुवामा बाढी



चित्र २ (क): बाढी अघिको तस्बिर (July 5, 2025) चित्र २ (ख): बाढी पछिको तस्बिर (July 8, 2025)
चित्र २: बाढी अघि र पछिको Sentinel 2 बाट निकालिएको NDVI तस्बिर

**काठमाडौं (प्रस)–** जल तथा मौसम विज्ञान विभागले हिमताल विष्फोटबाटै गत मंगलबार बिहान रसुवास्थित नेपाल-चीन सीमामा रहेको ल्हेन्देखोलामा बाढी आएको प्रारम्भिक निष्कर्ष निकालेको छ । विभागले 'सेन्टिनेल' उपग्रहबाट गरेको अध्ययनले हिमताल फुटेर बाढी सिर्जना भएको जनाएको छ ।

विभागका बाढीविद् विनोद पराजुलीले 'सुप्राग्लेसियल' ताल फुट्दा बाढी आएको प्रारम्भिक अनुमान गरिएको जानकारी दिए ।

'रसुवागढीस्थित नेपाल-चीन सीमाबाट करिब ३६ किलोमिटरमाथि (अक्षांश: २८.४०४३, देशान्तर: ८५.६४६९, समुद्री सतहदेखि करिब ५१५० मिटर उचाइ) ल्हेन्देखोलाको माथिल्लो जलाधार क्षेत्रमा पर्दछ । हिम नदीको करिब बीच भूभागमा विकास भएको सुप्राग्लेसियल ताल (हिमताल) करिब ०.७५ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको देखिन्छ,' उनले भने, 'उक्त हिमतालको क्षेत्रफल करिब ०.६० वर्ग किलोमिटरमात्र देखिएको छ । बाढीको घटना हुनुपूर्व र घटना भइसकेपछिको तालको क्षेत्रफलमा परिवर्तन भएको देखाएको छ । अध्ययनले उक्त समयावधिमा तालबाट पानी निकास भएको र त्यसको प्रभाव तालको तलको क्षेत्रमा परेको देखिएको छ ।'

पराजुलीका अनुसार यस सम्बन्धमा मित्रराष्ट्र चीनबाट थप स्थलगत प्रतिवेदन प्राप्त हुने अपेक्षा गरिएको छ । साथै आगामी दिनमा भू-उपग्रहमार्फत प्राप्त हुन सक्ने अन्य तस्बिरहरूले थप पुस्टचाइँ दिन सक्ने छ । जल तथा मौसम विज्ञान विभागले निरन्तर अध्ययन जारी राख्ने उनको भनाइ छ । 'बाढीपूर्व र बाढीपछिको अवस्थाबीच उल्लेखनीय अन्तर देखिएको र विशेष गरी तालको क्षेत्रफल उल्लेख्य रूपमा घटेको देखिएको छ, जसअनुसार उक्त हिम तालबाट पानी निकास भएको देखिन्छ,' उनले भने ।

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) का वैज्ञानिकहरूले चीन-नेपाल सीमाको ल्हेन्देखोलामा बनेको सुप्राग्लेसियल ताल फुटेर रसुवाको भोटेकोशीमा बाढी आएको पुष्टि गरेका छन् ।


## नाम परिवर्तन सम्बन्धि सूचना

पहिलो पटक प्रकाशित मिति: २०८२/०३/२७

कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/१२/२२ बमोजिम यस सर्लाही नेटवर्क क्म्यूनिकेशन प्रा.लि को साविकको नाम परिवर्तन भई स्पार्कलाईन सोलुसन प्रा.लि. भएको जानकारी गराउँदछु ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मितिः २०७५/०६/२६ मा दर्ता भएको प्रा.लि.नं. २०११५८ को **क्याम्बिओ टेक प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८१/१२/०३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८२/०३/२७**

**होटल आराधना प्रा. लि.** को मिति २०७९/०८/२० गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **होटल वि. जी. बाग्लुङ्ग एण्ड रेष्टुरेण्ट प्रा. लि. (प्रा.लि. नं. १०९०२१)** कायम गर्ने गरी मिति २०७९/०८/२१ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

*तेस्रो पटक प्रकाशित मिति २०८२/०३/२७ गते*

यस कम्पनीको मिति २०८२/०२/०८ को साधारण सभा/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **स्वप्न वर्ल्ड स्कुल भक्तपुर**को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व सकार्ने व्यहोर्ने गरी **स्वप्न संसार स्कूल भक्तपुर, (दर्ता नम्बर २१७९६)** कम्पनी रजिष्ट्रार कार्यालय कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा भएको संशोधनलाई मिति २०८२/०२/१४ को निर्णयानुसार **कायम गरिएको** व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

अध्याय Pathshala — संस्कार सहितको शिक्षा —

## नाम परिवर्तन सम्बन्धी सूचना

साविकको कस्मोपोलिटन स्कुलको मिति २०८२/०२/१९ मा सम्पन्न साधारण सभाको निर्णय बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालबाट कम्पनीको नाम परिवर्तन भई **अध्याय पाठशाला प्रा.लि.** (Adhyaya Pathshala School Pvt. Ltd.) कायम गरिएको र साविक कम्पनीको नाममा रहेको सम्पूर्ण सम्पत्ति तथा दायित्व यसै कम्पनीले सकार गर्ने व्यहोरा यसै सूचना मार्फत सम्पूर्ण सरोकारवाला तथा सर्वसाधारणका जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।



## UAE मा रोजगार — WESTERN BAINOONA GROUP WBG

पुन विज्ञापन, पुर्व स्वीकृती मितिः २०८१/२/२० चलानी नं. : ६०२२०४०८ LT No.: 305669

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Raod Main. Worker | 4 | 0 | काममा दक्ष | 800 | २९,७७१/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८/- कामदार आफैले | रु. १,५००/- कामदार आफैले | रु. ७,००/- कामदार आफैले | निःशुल्क |

अन्तरवार्ता २०८२ साउन २ गते (18 July, 2025) यस प्रा. लि. को कार्यालय सिनामंगल काठमाडौमा हुनेछ ।

Golden Gateway International Pvt. Ltd. Govt. License No.: 1443/074/75
Sinamangal-9 (Tara Marg), Kathmandu, Ph. No.:01-4565324
Email : info@gginepal@gmail.com Web: www.gginepal.com.np



## युएइमा रोजगार — कम्पनी : DRAIEH CONTRACTING LLC

पूर्व स्वीकृति मिति : २०८२/०३/१३ LT. No. 326339 चलानी नं. ६०२४०९०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BRICK MASONS | 10 | 0 | 1200 | ४४,६१४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Carpenter | 35 | 0 | 1200 | ४४,६१४ | | | | | | | |
| 3 | House-builder | 20 | 0 | 1000 | ३७,१७९ | | | | | | | |
| 4 | Steel Fixer | 35 | 0 | 1200 | ४४,६१४ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन २ गते (18th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



## साउदीमा रोजगार — कम्पनी : NEW AGRICULTURAL FACILITIES COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०३/२२ LT. No. 326809 चलानी नं.६०२४०९०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaner | 5 | 0 | 1000 | ३६,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : MIX STONE READY MIX CONCRETE FACTORY COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०३/२४ LT. No. 326930 चलानी नं.६०२४०९१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loaders(labour) | 3 | 0 | 1000 | ३६,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : MIX STONE READY MIX CONCRETE FACTORY COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०३/२४ LT. No. 326929 चलानी नं.६०२४०९०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 2 | 0 | 1800 | ६५,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन २ गते (18th July 2025) मा हुनेछ ।



| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



Al Faraz International Overseas Pvt. Ltd Govt. License 1553/079/80
Dhumbarai Mandikhatar, Budhanilkantha 9, Kathmandu, Nepal, Contact: 9847416116, Email: hiringalfaraz@outlook.com

## युएइमा रोजगार — कम्पनी : SERVEU

पूर्व स्वीकृति मिति : २०८२/०२/०८ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/२६ LT. No. 324313 चलानी नं. ६०२३८२७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Basic Machine Operator | 41 | 0 | 1500 | ५६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter/joiners | 45 | 0 | 1300 | ४८,४५५ | | | | | | | |
| 3 | Helper | 20 | 0 | 1200 | ४४,७२५ | | | | | | | |
| 4 | Machine Operator(Tailor) | 4 | 0 | 1500 | ५६,००० | | | | | | | |
| 5 | Painter | 20 | 0 | 1200 | ४४,७२५ | | | | | | | |
| 6 | Polisher/painter | 5 | 0 | 1300 | ४८,४५५ | | | | | | | |
| 7 | Sanders | 5 | 0 | 1200 | ४४,७२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन २ गते (18th July 2025) मा हुनेछ ।



| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



श्रम ईजाजत नं. ४५१/०६०/६१ HIMALAYAN HUMAN RESOURCES NEPAL PVT. LTD.
Basundhara Chowk-8,Tokha, Kathmandu, Nepal, Tel: 01-4354342, Cell: +977 9823348542,
E-mail : hrnhimalayan@gmail.com, Web: www.hrnhimalayan.com

## युएइमा रोजगार — कम्पनी : TIRHAL EMPLOYMENT L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०९/०७ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/२६ LT. No. 315749 चलानी नं. ६०२३००६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker/labour | 35 | 0 | 900 | ३३,४६० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Concrete Mason | 30 | 0 | 1200 | ४४,६१५ | | | | | | | |
| 3 | Construction Carpenter General | 35 | 0 | 1200 | ४४,६१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन २ गते (18th July 2025) मा हुनेछ ।



| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



DOTI OVERSEAS PVT. LTD. Govt. License 1294/074/075
Airport Tilganga -09, Shambhumarga, Kathmandu Tel : 01-5912764, 5912763, Itahari Branch Office no: 025-590547
Mob: 9851062705/9860584683/9841555361, 9862742223, E-mail : doti.overseas1294@gmail.com, website: www.dotioverseas.com.np

# सात पुल बगाउँदा डेढ करोडभन्दा बढीको क्षति



**मुस्ताङ–** उपल्लो मुस्ताङमा अकल्पनीय बाढीले पुऱ्याएको क्षतिको प्रारम्भिक अनुगमनका लागि अनुगमन सुरु भएको छ । लोमान्थाङ गाउँपालिका अध्यक्ष टसीनर्बु गुरुङ, उपाध्यक्ष छ्युमी बिष्ट, प्रमुख प्रशासकीय अधिकृत विकास केसी, गाउँपालिकाका प्राविधिक टोली, पाँचवटै वडाका वडाध्यक्ष तथा सदस्यलगायत नेपाल प्रहरी र सशस्त्र प्रहरीका सुरक्षा प्रतिनिधिहरूले संयुक्तरूपमा बाढीले त्यहाँ पुऱ्याएको क्षति यकीन गर्न बुधबार अनुगमन गरेका छन् ।

बाढीले तीनवटा पक्की पुलसहित गाउँपालिकाको शाखा सडकमा कुल सातवटा पुलमा क्षति पुगेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत केसीले जानकारी दिए । यसबाट डेढ करोड रूपैयाँभन्दा बढी नोक्सान भएको अनुमान गरिएको उनले बताए ।

प्रमुख प्रशासकीय अधिकृत केसीका अनुसार मंगलबार साँझ लोमान्थाङ-४ चुम्जुङस्थित छुआमा खोलाको बाढीले आर्का-भार्सा जोड्ने पक्की पुलसहित तीनवटा पक्की मोटरेबल पुल, एक फलामे पुल र तीनवटा काठेपुलमा पूर्णक्षति पुगेको छ । बाढीले सडक पुलहरूमा क्षति पुगे पनि मानवीय तथा पशुचौपायामा कुनै क्षति नपुगेको जनाइएको छ ।

अध्यक्ष गुरुङले लोमान्थाङ गाउँपालिकाभित्रको रिङरोड सडक र अन्य शाखा सडक जोड्ने पक्की पुल र अस्थायी पुलमा क्षति पुगेको बताए । बाढीले पुलहरूमा क्षति पुगेपछि रिङरोड सडकको सवारी आवागमन अवरुद्ध रहेको उनले बताए ।

उपल्लो मुस्ताङको लोमान्थाङ-४ स्थित चुम्जुङ गाउँ नजिकैको छुआमा खोलामा अकल्पनीय बाढी हिमताल फुटेका कारण आएको हुनसक्ने आशंका गरिएको छ । पानी नै नपर्ने भनेर चिनिएको हिमाली जिल्ला मुस्ताङमा बाढी आउँदाको समय त्यस क्षेत्रमा वर्षा नभएको लोमान्थाङ गाउँपालिका अध्यक्ष गुरुङले बताए । 'हामीले बाढी आउँदा त्यस स्थान र मुहानको लेकमा मौसमी अवस्था कस्तो थियो भनेर स्थानीयसँग जानकारी लियौं, उनीहरूले त्यस क्षेत्रमा पानी नपरेको जनाएका छन्,' अध्यक्ष गुरुङले भने, 'यसरी एकाएक बाढी आउनुको एउटै कारण हुनसक्छ, त्यो हो हिमताल फुट्नु ।'

लोमान्थाङ-२ छोसेरस्थित नेचुङस्थित सशस्त्र प्रहरी बोर्डर आउटपोस्ट (बिओपी)का सशस्त्र प्रहरी निरीक्षक विष्णुहरि थापाले बाढी आउनाका कारण पत्ता लगाउन गएको टोली चुम्जुङबाट फर्किएको जानकारी दिए । चुम्जुङस्थित छुआमा खोलाको मुहान भएको लेकमा हिमतालहरू रहेको यार्सा संकलन गर्नेहरूले बताएका उनको भनाइ छ । 'यहाँ बाढी आउनाको मुख्य कारण हिमताल फुटेर नै हो कि भन्ने हाम्रो अनुमान छ, बाढी आउँदा मुहानको लेकमा पानी परेको थियो भनेर जानकारी आइसकेको छैन,' उनले भने ।

यहाँको लोघेकर दामोदरकुण्ड गाउँपालिका अध्यक्ष लोप्साङ छोम्फेल विष्टले उपल्लो मुस्ताङका शाखा नदीहरूको मुहानमा दर्जनौं हिमताल रहेको जानकारी दिए । उनले जलवायु परिवर्तनका कारण जमिनको तापमान वृद्धि भइरहेकाले उच्चलेकमा रहेका हिमालका हिउँका ढिस्का खसेर हिमपातमा क्षति पुऱ्याउने सम्भावना रहेको उल्लेख गरे । *रासस*

# रसुवा बाढीबाट विस्थापितलाई सुरक्षित स्थानमा सारियो

**काठमाडौं (प्रस)–** नेपाल-चीन सीमानाका रसुवागढी क्षेत्रमा बाढीबाट विस्थापित बनेका नागरिकलाई सुरक्षितरूपमा गन्तव्यतर्फ पठाइएको छ । सशस्त्र प्रहरी बल नेपालसहितका सुरक्षाकर्मीको सहयोगमा अस्थायी पदमार्ग खोली बिहीबार ४८५ जनालाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको हो ।

ल्हेन्दे खोलामा आएको बाढीको कटान तथा पहिरोबाट रसुवागढी-स्याफ्रुबेंसी सडकखण्ड पूर्णरूपमा बन्द भएपछि अस्थायी बाटो बनाएर उनीहरूलाई सुरक्षित स्थानमा पठाइएको सशस्त्र प्रहरीका सहप्रवक्ता शैलेन्द्र थापाले जानकारी दिए । प्रभावित क्षेत्रमा खटिएका सुरक्षाकर्मीले रसुवाको टिमुरेस्थित भन्सार कार्यालयको यार्डमा फसेका दुई वटा कन्टेनर र एउटा विद्युतीय गाडीलाई सुरक्षित स्थानमा सारेका छन् ।

मंगलबार बिहान ल्हेन्दे खोलामा एक्कासि बाढी आउँदा ठूलो जनधनको क्षति भएको छ । बाढीमा परी तीन सुरक्षाकर्मीसहित १४ नेपाली र छ जना चिनियाँ नागरिक हराइरहेका छन् । हालम्म चार जनाको शव तथा पाँचवटा मानव अंगमात्र फेला परेको सशस्त्र प्रहरीले जनाएको छ । फेला परेकामध्ये एउटा शवको मात्र पहिचान हुनसकेको छ । अन्य शव र मानव अंग त्रिवि शिक्षण अस्पताल महाराजगञ्जमा राखिएको छ ।

बाढीले नेपाल-चीन जोड्ने मितेरी पुलसमेत बगाएको छ । अहिले सो नाका पूर्ण रूपमा अवरुद्ध भएको छ । उक्त क्षेत्रमा विद्युत् सेवा पूर्णरूपमा ठप्प छ । सञ्चारका साधनले समेत काम गर्न छाडेका छन् ।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/०१/२२ मा दर्ता भएको **प्रा. लि. नं. २१४४२५** को **ओम सम्योग डेन्टल क्लिनिक प्रा. लि.** को मिति २०८२/०३/२६ को विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**


## कतारमा रोजगार

कम्पनी : MONASTIC CLEANING & CONTRACTING WLL

पूर्व स्वीकृति मिति : २०८०/१२/०६ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/२६ | LT. No. 301901 | चलानी नं. ६०२१६८५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Cleaning Worker | 0 | 4 | 1000 | ३७,५७५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Supervisor | 0 | 1 | 2500 | ९३,९३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन २ गते (18th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

JALAJALA RECRUITMENT PVT.LTD
श्रम इजाजत नं. १२२४/०७४/०७५
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257, E-mail: jalajalarecru2017@gmail.com

## युएइमा रोजगार

कम्पनी : R O H I T CONTRACTING L.L.C.

पूर्व स्वीकृति मिति : २०८१/१०/२९ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/२६ | LT. No. 318645 | चलानी नं. ६०२३२८७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrcian | 1 | 0 | 1500 | ५५,७६५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Labour | 2 | 0 | 1100 | ४०,८९५ | | | | | | | |
| 3 | Shuttering Carpenter | 4 | 0 | 1200 | ४४,६१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन २ गते (18th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Mobhira Overseas Service Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Tel: +977 -014982832
Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com
Govt. License 083/053/054


# RELIANCE FINANCE LIMITED
# रिलायन्स फाइनान्स लिमिटेड

**Head Office:** Reliance Bhawan, Kamaladi, Kathmandu.
Tel: +977-1-5361104, 5323117, 5361041, 5361167, 5903698
Email: info@reliancenepal.com.np
Web: www.reliancenepal.com.np

नेपाल राष्ट्र बैंकको एकिकृत निर्देशन नं ४ (१)(घ) बमोजिम मिती २०८२ जेष्ठ २८ गते सम्पन्न पन्ध्रौ वार्षिक साधारण सभाबाट पारित आ ब २०८०/०८१ को बासलात, नाफा नोक्सान हिसाव तथा अन्य विवरणहरु सर्वसाधारणको लागि प्रकाशित ।

## मिती २०८२ जेष्ठ २८ गते सम्पन्न पन्ध्रौ वार्षिक साधारण सभाबाट पारित

### Statement of Financial Position As at 31 Asar 2081

| Particulars | Note | As at 31.03.2081 | As at 31.03.2080 |
|---|---|---|---|
| **Assets** | | | |
| Cash and cash equivalent | 4.1 | 326,198,690 | 415,865,544 |
| Due from Nepal Rastra Bank | 4.2 | 313,220,913 | 242,269,078 |
| Placement with Bank and Financial Institutions | 4.3 | - | - |
| Derivative financial instruments | 4.4 | - | - |
| Other trading assets | 4.5 | - | - |
| Loan and advances to B/Fis | 4.6 | 348,833,985 | 430,587,864 |
| Loans and advances to customers | 4.7 | 5,939,519,695 | 5,170,035,486 |
| Investment securities | 4.8 | 2,339,451,252 | 2,006,786,670 |
| Current tax assets | 4.9 | 47,769,591 | 29,132,074 |
| Investment in susidiaries | 4.10 | - | - |
| Investment in associates | 4.11 | - | - |
| Investment property | 4.12 | 210,405,795 | 24,570,970 |
| Property and equipment | 4.13 | 313,778,087 | 315,808,868 |
| Goodwill and Intangible assets | 4.14 | 1,645,054 | 1,747,507 |
| Deferred tax assets | 4.15 | 2,376,724 | 1,884,381 |
| Other assets | 4.16 | 51,935,287 | 33,585,374 |
| **Total Assets** | | **9,895,135,075** | **8,672,273,817** |
| **Liabilities** | | | |
| Due to Bank and Financial Instituions | 4.17 | 400,662,950 | 187,458,851 |
| Due to Nepal Rastra Bank | 4.18 | 246,150,000 | 177,826,000 |
| Derivative financial instruments | 4.19 | - | - |
| Deposits from customers | 4.20 | 7,903,761,973 | 6,659,827,786 |
| Borrowing | 4.21 | - | 370,000,000 |
| Current Tax Liabilities | 4.9 | - | - |
| Provisions | 4.22 | - | - |
| Deferred tax liabilities | 4.15 | - | - |
| Other liabilities | 4.23 | 172,213,874 | 149,558,681 |
| Debt securities issued | 4.24 | - | - |
| Subordinated Liabilities | 4.25 | - | - |
| **Total liabilities** | | **8,722,788,797** | **7,544,671,319** |
| **Equity** | | | |
| Share capital | 4.26 | 1,121,451,730 | 1,121,451,730 |
| Share premium | | 1,140,765 | 1,140,765 |
| Retained earnings | | (266,552,777) | (206,208,238) |
| Reserves | 4.27 | 316,306,560 | 211,218,240 |
| **Total equity attributable to equity holders** | | **1,172,346,278** | **1,127,602,498** |
| Non-controlling interest | | | |
| **Total equity** | | **1,172,346,278** | **1,127,602,498** |
| **Total liabilities and equity** | | **9,895,135,075** | **8,672,273,817** |
| Contingent liabilities and commitment | 4.28 | 131,373,076 | 34,633,487 |
| Net assets value per share | | 104.54 | 100.55 |

### Statement of Profit or Loss For the year ended on 31 Ashad 2081

| Particulars | Note | Current Year | Previous Year |
|---|---|---|---|
| Interest income | 4.29 | 921,289,719 | 1,004,804,897 |
| Interest expense | 4.30 | 702,702,806 | 776,523,323 |
| **Net interest income** | | **218,586,912** | **228,281,575** |
| Fee and commission income | 4.31 | 39,254,502 | 31,701,241 |
| Fee and commission expense | 4.32 | - | - |
| **Net fee and commission income** | | **39,254,502** | **31,701,241** |
| **Net interest, fee and commission income** | | **257,841,415** | **259,982,815** |
| Net trading income | 4.33 | - | - |
| Other operating income | 4.34 | 6,950,345 | 3,552,449 |
| **Total operating income** | | **264,791,760** | **263,535,264** |
| Impairment charge/(reversal) for loans and other losses | 4.35 | 9,051,068 | 248,792,421 |
| **Net operating income** | | **255,740,692** | **14,742,843** |
| Operating expense | | | |
| Personnel expenses | 4.36 | 123,356,547 | 110,110,673 |
| Other operating expenses | 4.37 | 61,727,241 | 55,620,212 |
| Depreciation & Amortisation | 4.38 | 29,454,661 | 31,557,839 |
| **Operating Profit** | | **41,202,242** | **(182,545,882)** |
| Non operating income | 4.39 | - | - |
| Non operating expense | 4.40 | - | - |
| **Profit before income tax** | | **41,202,242** | **(182,545,882)** |
| Income tax expense | 4.41 | | |
| Current Tax | | - | |
| Deferred Tax | | (1,407,102) | 66,228 |
| **Profit for the period** | | **42,609,344** | **(182,612,109)** |
| **Profit attributable to:** | | | |
| Equity holders of the Bank | | 42,609,344 | (182,612,109) |
| Non-controlling interest | | | |
| Profit for the period | | 42,609,344 | (182,612,109) |
| **Earnings per share** | | | |
| Basic earnings per share | | 3.80 | (16.28) |
| Diluted earnings per share | | 3.80 | (16.28) |

### Notes to Financial Statements

| Statement of Distributable Profit or Loss | 4.42 | |
|---|---|---|
| **Particulars** | **Current Year** | **Previous Year** |
| **Net profit or (loss) as per statement of profit or loss** | **42,609,344** | **(182,612,109)** |
| Appropriations: | | |
| a. General reserve | (9,537,295) | |
| b. Foreign exchange fluctuation fund | | |
| c. Capital redemption reserve | | |
| d. Corporate social responsibility fund | (426,093) | - |
| e. Employees' training fund | 186,246 | (1,534,090) |
| f. Other | 377,300 | |
| **Profit or (Loss)Before Regulartory Adjustment** | **33,209,501** | **(184,146,199)** |
| Regulatory adjustment : | | |
| a. Interest receivable (-)/previous accrued interest received (+) | 20,911,191 | (13,838,294) |
| b. Short loan loss provision in accounts (-)/reversal (+) | | |
| c. Short provision for possible losses on investment (-)/reversal (+) | (1,974,081) | - |
| d. Short loan loss provision on Non Banking Assets (-)/reversal (+) | (117,075,940) | (11,412,548) |
| e. Deferred tax assets recognised (-)/ reversal (+) | (492,343) | (676,151) |
| f. Goodwill recognised (-)/ impairment of Goodwill (+) | | |
| g. Bargain purchase gain recognised (-)/reversal (+) | | |
| h. Actuarial loss recognised (-)/reversal (+) | | |
| i. Other (+/-) | | |
| **Net Profit for the Year Available for Distrbution** | **(65,421,672)** | **(210,073,191)** |
| Opening Balance of retained earning | (206,208,238) | 75,912,754 |
| Adjustment:(+/-) | 5,077,133 | |
| **Distrbution** | | |
| Bonus Shares Issued | | (68,445,411) |
| Cash Dividend Paid | | (3,602,390) |
| **Distributable profit or (loss) for current year** | **(266,552,777)** | **(206,208,238)** |
| **Annualized distributable Profit/(Loss) per share** | **(23.77)** | **(18.39)** |

### 5.13 Major Financial Indicators of Last Five Years

| S.N. | Particulars | Indicator | 2080-81 | 2079-80 | 2078-79 | 2077-78 | 2076-77 |
|---|---|---|---|---|---|---|---|
| 1 | Net profit/total income | % | 4.40 | (17.56) | 8.75 | 17.11 | 15.14 |
| 2 | Earning per share | | | | | | |
| | Basic earning per share | Rs. | 3.80 | (16.28) | 6.76 | 16.33 | 12.32 |
| | Diluted earning per share | Rs. | 3.80 | (16.28) | 6.76 | 16.33 | 12.32 |
| 3 | Market price per share | Rs. | 459 | 386 | 310 | 532 | 121 |
| 4 | Price/earning ratio | Times | 120.81 | (23.70) | 45.88 | 32.58 | 9.82 |
| 5 | Dividend or bonus per share | Rs. | 0.00 | 0.00 | 6.50 | 15.00 | 10.00 |
| 6 | Cash dividend | Rs. | 0.00 | 0.00 | 0.34 | 0.79 | 0.53 |
| 7 | Interest income/loan and advances | % | 14.92 | 18.63 | 14.76 | 12.52 | 17.01 |
| 8 | Employee expenses/total operating expenses | % | 57.50 | 55.81 | 52.55 | 58.76 | 58.96 |
| 9 | Employee expenses/total deposit and borrowing | % | 1.49 | 1.61 | 1.48 | 1.82 | 1.60 |
| 10 | Exchange income/total income | % | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| 11 | Staff bonus/total employee expenses | % | 3.71 | 0.00 | 10.15 | 23.33 | 19.69 |
| 12 | Net profit/loans and advances | % | 0.68 | (3.26) | 1.29 | 3.16 | 2.48 |
| 13 | Net profit/total assets | % | 0.43 | (2.11) | 0.77 | 2.07 | 1.61 |
| 14 | Total loans and advances/total deposit | % | 76.58 | 83.66 | 80.90 | 84.12 | 72.00 |
| 15 | Total operating expenses/total assets | % | 2.17 | 2.27 | 2.10 | 2.51 | 2.22 |
| 16 | Capital adequacy ratio | | | | | | |
| | a) Core Capital | % | 12.14 | 13.18 | 17.48 | 24.51 | 23.18 |
| | b) Supplementary Capital | % | 1.26 | 1.04 | 1.11 | 1.39 | 0.80 |
| | c) Total Capital Fund | % | 13.40 | 14.22 | 18.59 | 25.90 | 23.98 |
| 17 | Cash reserve ratio (CRR) | % | 32.44 | 36.69 | 46.51 | 35.17 | 21.48 |
| 18 | NPAs/total loan and advances | % | 6.47 | 6.36 | 2.27 | 2.69 | 1.10 |
| 19 | Base rate | % | 11.04 | 13.02 | 12.19 | 9.65 | 11.25 |
| 20 | Weighted average interest rate spread | % | 4.6 | 4.58 | 4.44 | 4.81 | 4.40 |
| 21 | Book net worth | Rs. | 1,172,346 | 1,127,602 | 1,317,103 | 1,279,601 | 1,087,359 |
| 22 | Total shares | No. | 11,214,517 | 11,214,517 | 10,530,063 | 9,156,577 | 8,324,160 |
| 23 | Total employees | No. | 168 | 168 | 167 | 162 | 129 |
| 24 | Others: | | | | | | |
| | Per employee business (Rs. In lakh) | % | 367.46 | 321.05 | 312.18 | 274.02 | 290.64 |
| | Employee expenses/total income | % | 12.75 | 10.59 | 12.49 | 12.19 | 12.34 |

### Statement of Comphrehensive Income For the year ended on 31 Asar 2081

| Particulars | Current Year | Previous Year |
|---|---|---|
| **Profit for the year** | **42,609,344** | **(182,612,109)** |
| Other comprehensive income, net of income tax | | |
| **a) Items that will not be reclassified to profit or loss** | | |
| Gain/(loss) from investments in equity instruments measured at fair value | 3,049,196 | (2,474,595) |
| Gain/(loss) on revaluation | | |
| Actuarial gains/(losses) on defined benefit plans | | |
| Income tax relating to above items | (914,759) | 742,378 |
| **Net other comprehensive income that will not be reclassified to profit or loss** | **2,134,437** | **(1,732,216)** |
| **b) Items that are or may be reclassified to profit or loss** | | |
| Gains/(losses) on cash flow hedge | | |
| Exchange gain/(losses) arising from translating financial assets of foreign operation | | |
| Income tax relating to above items | | |
| **Net other comprehensive income that are or may be reclassified to profit or loss** | **-** | **-** |
| c) Share of other comphrehensive income of associate accounted as per equity method | | |
| **Other comprehensive income for the period, net of income tax** | **2,134,437** | **(1,732,216)** |
| **Total comprehensive income for the period** | **44,743,781** | **(184,344,326)** |
| **Total comprehensive income attributable to:** | | |
| Equity holders of the Bank | 44,743,781 | (184,344,326) |
| Non-controlling interest | - | - |
| Total comprehensive income for the period | 44,743,781 | (184,344,326) |

### Capital Structure and Capital Adequacy

Capital Fund of Finance Co. as per CAF 2007 is as follows (amount in '000):

| Particulars | As at 31 Ashad 2081 | As at 31 Ashad 2080 |
|---|---|---|
| **1.1 Risk Weighted Exposure (RWE)** | | |
| RWE for Credit Risk | 7,515,915 | 7,326,340 |
| RWE for Operational Risk | 520,895 | 539,908 |
| RWE for Market Risk | - | - |
| **Total RWE before adjustment under Pillar II** | **8,036,811** | **7,866,248** |
| Adjustments under Pillar II | | |
| ALM policies & practices are not satisfactory, add 1% of net interest income to RWE | | |
| Add .....% of the total deposit due to insufficient Liquid Assets | | |
| Adjustments under Pillar II(Add RWE equvalent to reciprocal of capital charge of 3 % of gross income) | 79,061 | 61,783 |
| Adjustments under Pillar II(Overall risk management policies and precedures are not satisfactory. Add 3% of RWE) | 241,104 | 157,325 |
| If desired level of disclosure requirement has not been achieved, Add .....% of RWE | | |
| **Total RWE** | **8,356,976** | **8,085,356** |
| 1.2 Capital | | |
| **A. Core Capital (Tier I)** | **1,014,613** | **1,065,913** |
| Paid up Equity Share Capital | 1,121,452 | 1,121,452 |
| Irredeemable Non-cumulative preference shares | | |
| Share Premium | 1,141 | 1,141 |
| Proposed Bonus Equity Shares | | |
| Statutory General Reserves | 164,060 | 154,523 |
| Retained Earnings | (266,553) | (206,208) |
| Un-audited current year cumulative profit/(loss) | | |
| Capital Redemption Reserve | | |
| Capital Adjustment Reserve | | |
| Dividend Redemption Reserves | | |
| Dividend Equalization Reserves | | |
| Other Free Reserve | | |
| Less: Goodwill | | |
| Less: Deferred Tax Assets | (2,377) | (1,884) |
| Less: Fictitious Assets | | |
| Less: Investment in equity in licensed Financial Institutions | | |
| Less: Investment in equity of institutions with financial interests | (3,110) | (3,110) |
| Less: Investment in equity of institutions in excess of limits | | |
| Less: Investments arising out of underwriting commitments | | |
| Less: Reciprocal crossholdings | | |
| Less: Purchase of land & building in excess of limit and unutilized | | |
| Less: Other Deductions | | |
| Adjustments under Pillar II | | |
| Less:Shortfall in provision | | |
| Less:Loan & Facilities extended to related parties and restricted lending | | |
| **B. Supplementary Capital (Tier II)** | **105,231** | **83,985** |
| Cumulative and/or Redeemable Preference Share | | |
| Subordinated Term Debt | | |
| Hybrid Capital Instruments | | |
| General Loan Loss Provision | 105,231 | 83,985 |
| Exchange Equalization Reserve | | |
| Investment Adjustment Reserve | 0 | 0 |
| Other Reserves | | |
| **Total Capital Fund (Tier I and Tier II)** | **1,119,844** | **1,149,898** |
| **1.3 Capital Adequacy Ratio** | | |
| **Tier I Capital to Total RWE** | **12.14%** | **13.18%** |
| **Total Capital Fund to Total RWE** | **13.40%** | **14.22%** |

### Statement of Cash Flow For the year ended on 31 Asar 2081

| Particulars | Current Year | Previous Year |
|---|---|---|
| **CASH FLOWS FROM OPERATING ACTIVITIES** | | |
| Interest received | 954,122,738 | 982,352,841 |
| Fees and other income received | 39,254,502 | 31,701,241 |
| Divided received | | |
| Receipts from other operating activities | 3,839,304 | 1,679,757 |
| Interest paid | (702,702,806) | (776,523,323) |
| Commission and fees paid | | |
| Cash payment to employees | (127,934,574) | (110,110,673) |
| Other expense paid | (61,727,241) | (55,620,212) |
| **Operating cash flows before changes in operating assets and liabilities** | **104,851,921** | **73,479,630** |
| (Increase)/Decrease in operating assets | | |
| Due from Nepal Rastra Bank | (70,951,835) | (20,699,233) |
| Placement with bank and financial institutions | - | - |
| Other trading assets | | |
| Loan and advances to bank and financial institutions | 81,753,879 | (74,584,621) |
| Loans and advances to customers | (778,535,277) | (246,697,869) |
| Other assets | (44,170,851) | (59,084,885) |
| Increase/(Decrease) in operating liabilities | | |
| Due to bank and financial institutions | 213,204,099 | (19,499,248) |
| Due to Nepal Rastra Bank | 68,324,000 | (685,674,000) |
| Deposit from customers | 1,243,934,186 | (9,844,126) |
| Borrowings | (370,000,000) | 370,000,000 |
| Other liabilities | 22,655,193 | (2,783,192) |
| **Net cash flow from operating activities before tax paid** | **471,065,316** | **(675,387,543)** |
| Income taxes paid | (17,108,812) | (17,108,812) |
| **Net cash flow from operating activities** | **453,956,505** | **(692,496,355)** |
| **CASH FLOWS FROM INVESTING ACTIVITIES** | | |
| Purchase of investment securities | (332,664,582) | 472,590,601 |
| Receipts from sale of investment securities | 1,125,144 | 452,759 |
| Purchase of property and equipment | (28,337,446) | (19,617,199) |
| Receipt from the sale of property and equipment | | |
| Purchase of intangible assets | 102,453 | 951,460 |
| Receipt from the sale of intangible assets | | |
| Purchase of investment properties | (185,834,825) | (18,115,155) |
| Receipt from the sale of investment properties | | |
| Interest received | | |
| Dividend received | 1,985,897 | 1,419,933 |
| **Net cash used in investing activities** | **(543,623,359)** | **437,682,399** |
| **CASH FLOWS FROM FINANCING ACTIVITIES** | | |
| Receipt from issue of debt securities | | |
| Repayment of debt securities | | |
| Receipt from issue of subordinated liabilities | | |
| Repayment of subordinated liabilities | | |
| Receipt from issue of shares | - | 68,445,411 |
| Dividends paid | | (3,602,390) |
| Interest paid | | |
| Other receipt/payment | | |
| **Net cash from financing activities** | **-** | **64,843,021** |
| **Net increase (decrease) in cash and cash equivalents** | **(89,666,854)** | **(189,970,935)** |
| **Opening balance of cash and cash equivalents** | **415,865,544** | **605,836,478** |
| Effect of exchange rate fluctuations on cash and cash equivalents held | | |
| Closing Cash and Cash Equivalnet as at Asar end | 326,198,689 | 415,865,544 |

### Statement of Changes in Equity For the year ended on 31 Asar 2081

| Particulars | Share Capital | Share Premium | General Reserve | Exchange Equalization | Regulatory Reserve | Fair Value Reserve | Revaluation Reserve | Retained Earning | Other Reserve | Total | Non-Controlling Interest | Total Equity |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Attributable to Equity holders of the Bank | | | | | | | | | | | |
| **Balance at 1 Sawan 2080** | **1,121,451,730** | **1,140,765** | **154,522,690** | **-** | **50,866,414** | **968,614** | **-** | **(206,208,238)** | **4,860,522** | **1,127,602,498** | **-** | **1,127,602,498** |
| Adjustment/Restatement | - | - | - | - | - | - | - | | - | - | - | - |
| **Adjusted/Restated balance at 1 Sawan 2080** | **1,121,451,730** | **1,140,765** | **154,522,690** | **-** | **50,866,414** | **968,614** | **-** | **(206,208,238)** | **4,860,522** | **1,127,602,498** | **-** | **1,127,602,498** |
| Comprehensive income for the year | | | | | | | | | | - | - | - |
| Profit for the year | | | | | | | | 42,609,344 | | 42,609,344 | - | 42,609,344 |
| Other comprehensive income, net of tax | | | | | | 2,134,437 | | | | 2,134,437 | - | 2,134,437 |
| Remeasurements of defined benfit liability (assets) | | | | | | | | | | - | - | - |
| Fair value reserve (Investment in equity instrument): | | | | | | 2,134,437 | | | | 2,134,437 | - | 2,134,437 |
| Net change in fair value | | | | | | 2,134,437 | | | | 2,134,437 | - | 2,134,437 |
| Net amount transferred to profit or loss | | | | | | | | | | - | - | - |
| Net gain (loss) on revalution | | | | | | | | | | - | - | - |
| **Cash flow hedges:** | | | | | | | | | | - | - | - |
| Effective portion of changes in fair value | | | | | | | | | | - | - | - |
| Net Amount reclassified to profit or loss | | | | | | | | | | - | - | - |
| Total comprehensive income for the year | | | | | | | | | | - | - | - |
| Transfer to reserve during the year | | | 9,537,295 | | 98,631,173 | (0) | | | 48,793 | 108,217,261 | - | 108,217,261 |
| Transfer from reserve during the year | | | | | | (5,077,133) | | (102,953,883) | (186,246) | (108,217,261) | - | (108,217,261) |
| **Transactions with owners, directly recognised in equity** | | | | | | | | | | - | - | - |
| Right share issued | | - | | | | | | | | - | - | - |
| Share based payments | | | | | | | | | | - | - | - |
| Dividends to equity holders | | | | | | | | | | - | - | - |
| Bonus shares issued | - | | | | | | | - | | - | - | - |
| Cash dividend paid | | | | | | | | | | - | - | - |
| **Total contributions by and distributions** | - | - | - | - | - | - | - | - | - | - | - | - |
| **Balance at Asar end 2081** | **1,121,451,730** | **1,140,765** | **164,059,986** | **-** | **149,497,587** | **(1,974,081)** | **-** | **(266,552,777)** | **4,723,070** | **1,172,346,278** | **-** | **1,172,346,278** |

वित्तीय सेवाको अर्को परिभाषा

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# चीनसँग जल कूटनीतिको आवश्यकता

जब बाढी र पहिरोको बितण्डा मच्चिन्छ, नेपालमा अनेकन अड्कलबाजी गरिन्छ । गएको असोजमा काभ्रे र ललितपुरका विभिन्न क्षेत्रमा आएको बाढीको कारण ऋसर उद्योग भनियो । यसपटक रसुवाको रसुवागढीमा आएको बाढी हिमताल फुटेर भनिएको छ । चीनसँग सीमाना जोडिएको सिन्धुपाल्चोकको तातोपानी, मेलम्ची र मुस्ताङ क्षेत्रमा आउने बाढीको पनि नेपालले अझैसम्म कसरी आयो भनी पत्ता लगाउन सकेको छैन ।

चीनले भने भारी वर्षा हुनासाथ नेपाल भएर बग्ने नदी आसपास सतर्कता अपनाउन सूचना पठाउँछ । यस्ता सूचनामा नेपालले खासै वास्ता गर्दैन । असार पहिलो हप्तामात्र सिन्धुपाल्चोकको तातोपानी नाका भएर बग्ने भोटेकोशीमा बाढी आउने पूर्वनुमान गर्दै चीनले सूचना पठाएको थियो । तर नेपालको मौसम पूर्वानुमान महाशाखाले खण्डन गरेर वर्षाको कुनै सम्भावना नै नरहेको ठोकुवा गऱ्यो । नभन्दै नेपालको पूर्वानुमान मिल्यो ।

रसुवाको रसुवागढी क्षेत्रमा पनि पानी पर्ने भन्दै असार १० बाटै चिनियाँ पक्षले सतर्कता गराएको थियो । यसलाई जिल्ला प्रशासनले पनि सचेत गराएको थियो । तर नेपाली मौसम पूर्वानुमान महाशाखाले यसबारे खासै केही बोलेन । बरु अहिले त्यो बाढी वर्षाका कारण नभएर हिमताल फुटेर भएको निष्कर्ष निकालेको छ । यसअघि मेलम्ची बाढी पनि यसैगरी के कारणले भएको हो भनी पत्ता लगाउन सकेन सरकारको निकायले ।

खासगरी नेपालको उत्तरी भेगमा हिमाल रहेको कुरा सबैलाई जानकारी छ । अझ उता तिब्बती क्षेत्रमा पानीको विशाल भण्डार रहेको छ । तिब्बतलाई विश्वकै धेरै पानीको रिजर्भेयर भएको क्षेत्रसमेत भनिन्छ । यहाँ विशाल तालहरू रहेका छन् । तिब्बतलाई 'वाटर टावर अफ एसिया' पनि भनिन्छ । एसियामा बग्ने आठ मुख्य नदीहरूको स्रोतसमेत तिब्बतमा छ ।

यस्तो अवस्थामा तिब्बतमा कति पानी पर्छ ? यसले नेपालहुँदै आउने नदीहरूमा कसरी पानी पठाइन्छ भन्ने विषयमा चीनसँग 'जल कूटनीति' को माध्यमबाट समाधानका उपाय खोजिनै पर्छ । किनभने विभिन्न अध्ययनहरूले तिब्बतको पानी एकै ठाउँ पारेर नेपालतिर बगाइदिए सार्क मुलुक नै बगाएर ध्वस्त हुने उल्लेख गरेको छ । अहिले अमेरिकाजस्तो शक्तिशाली देशहरूले समेत तिब्बतलाई जल सामरिक शक्तिकेन्द्रको रूपमा व्याख्या गर्दै यस क्षेत्रलाई विशेषरूपमा हेर्दै आएको छ । यसरी शिरमा पानीको विशाल भण्डार राखेर जोखिममा बस्नुभन्दा नेपाल सरकारले जल सम्झौता गर्नैपर्छ । यसपछिमात्र यसखाले विपत्तिबाट बच्नुका साथै अनेकन अड्कलबाजी गरिरहनुपर्ने बाध्यताबाट मुक्ति मिल्ने छ ।

## श्रम सरोकार

### विदेशमा रहँदा भुल्नै नहुने पाँच कुरा

**१) कसैको प्रलोभनमा नफसौं**

धेरै तलब दिने वा अन्य राम्रो काम सुविधा दिने प्रलोभनमा दलालहरूले गन्तव्य मुलुकका कम्पनी वा वासस्थानमासमेत पुगेर फकाउन सक्छन् । आधिकारिक भिसा रहेको ठाउँभन्दा अन्यत्र काम गर्नु गैरकानुनी हो । कानुनी हैसियत गुमाएपछि सधैंभरि खतरामा काम गर्नुपर्छ र दलालले गैरकानुनी काममा लगाएर फसाउन पनि सक्छ । फर्किनुअघि जेल, नेल जरिवानासहित देश निकालाको अपमान साथै कुटाइ खानुपर्छ ।

**२) धार्मिक तथा स्थानीय कानुनको पालना गरौं**

सम्बन्धित देशमा पुगेर कुनै गल्ती गरेर कानुन थाहा थिएन भनेर उम्किन पाइन्न । स्थानीय धार्मिक, सामाजिक तथा राष्ट्रियताका विषयमा सधैं जानकार र सकारात्मक हुनुपर्छ ।

**३) आफ्नो सुरक्षामा ध्यान दिऔं**

आफ्नो स्वास्थ्य र सुरक्षाको ख्याल आफैंले राख्नुपर्छ । काम गर्दाको बखत, बाटो हिँड्दा, पौडी वा अन्य यस्तै कामको जोखिमबारे सधैं सचेत रहनुपर्छ । कतिपय मुलुकहरूमा जेब्रा क्रसिङभन्दा अन्यत्रबाट बाटो काट्दा पैदलयात्रीले समेत जरिवाना तिर्नुपर्ने हुसक्छ । याद गरौं- कारखानामा काम गर्दा त्यहाँ प्रयोग हुने मेसिनको सोच्ने शक्ति हुँदैन, तपाईंको आफ्नै दिमागले सोचेर होसियारी अपनाउनुपर्छ ।

**४) काममा लगनशील बनौं**

आफ्नो सुपरभाइजरका कुरालाई अवलम्बन गर्नैपर्छ । उसको कुरालाई बेवास्ता गरेमा माथिल्लो निकायमा सामान्यतयाः कुनै सुनुवाइ गर्दैन । अति नै भएमा मात्र दूतावास, वैदेशिक रोजगार विभाग वा अन्य सहयोगी संस्थाबाट सहयोग लिने बानी गर्नुपर्छ । याद गरौं- रोजगारदाताले तपाईंलाई श्रमको मूल्य तिरेको हुन्छ ।

**५) आवश्यक सम्पर्क नम्बर सुरक्षित राखौं**

दूतावास, त्यहाँस्थित विभिन्न सामाजिक संस्था, नेपालस्थित रोजगार तथा सरकारी निकाय र आफू गएको वैदेशिक रोजगार संस्था तथा सहयोगी संस्थाका सम्पर्क टेलिफोन तथा ठेगाना सधैंभरि साथमा राख्नुपर्छ । स्थानीय कानुन तथा अन्य विषयमा जानकार व्यक्तिहरूसँग निकट रहनुपर्छ । यसो गर्दा आकस्मिकरूपमा आउने समस्याहरू समाधानमा सहजता हुने छ ।

# सुविधाभोगी नेता र सेवामा ठगिएका जनता



■ दामोदर खनाल

> समाजमा धेरै प्रकारको बेथिति छन् । हरेक नागरिक तथा समुदायलाई यिनै बेथितिले प्रभाव पारेको छ । सेवा दिने निकायमामात्रै बेथिति छैन, सेवा लिने नागरिकको सोचाइमा पनि बेथितिलाई बढावा दिने प्रवृत्ति छ । हामी रकम नतिरी काम बनाउनतिर भन्दा धेरथोर रकम दिएर काम गराउनतिर उन्मुख छौं । यस्तो प्रवृत्ति अन्य गराउन आमनागरिक र बुद्धिजीवीको भूमिका महत्त्वपूर्ण हुन्छ । कुनै पनि पद, शक्ति वा ओहोदामा बसेका जिम्मेवार व्यक्तिले आफ्नो मर्यादा र सीमा बिर्सनु हुँदैन । जनप्रतिनिधिहरु जनताले अपेक्षा गरेअनुसार सहज र सरल तरिकाले काम गर्न गराउन लाग्नैपर्छ ।

संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिपछि ठूलो आशा र भरोसा बोकेका जनता निराश छन् । यसको प्रमुख कारण हो, राजनीतिक किचलो र अस्थिरता । विकासको कचहरी गाउँ-गाउँमा हुनुपर्ने यो बेलामा अहिले सत्ता, पद र शक्ति प्रदर्शनका लागि सत्तारुढ नेकपा एमाले र नेपाली कांग्रेसकै घर झगडाका कारण सदन र सडक तातेको छ । जनताका समस्या, पिरमर्काकाबारे बहस हुनुपर्ने सदनमा एकआपसको आरोपप्रत्यारोप सुनिसाध्य छैन । दुई ठूला दल मिलेको दुईतिहाइको सरकारको नेतृत्व गरे पनि जनतामा निराशा बढ्दो छ । सदनका कुरा सुन्दा हरेक दल र जिम्मेवार नेताका एउटा न एउटा काण्ड बाहिरिएको देखिन्छ । यसले आमनागरिकमा ठूला दलका ठूला नेताप्रति झनै अविश्वास बढाएको छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) त लामो समयदेखि सरकारका क्रियाकलापप्रति असन्तोष व्यक्त गर्दै आन्दोलनमै छन् । जनताले स्वतन्त्र बालेन्द्र साह, हर्क साम्पाङ र गोपी हमालका काम मन पराए पनि पुरानाले उनीहरूको कामलाई आत्मसात् गर्न सकेको देखिँदैन ।

मुलुकका घटना र परिदृश्यले मुलुकको विकास निर्माणमा प्रत्यक्ष प्रभाव पारिरहेको छ । जनतामा निराशा थपिरहेको छ । कतिपय नेपाली नागरिक कर, राजस्व, महसुल, सेवा शुल्क तिरेर पनि दैनिक अत्यावश्यक आधारभूत आवश्यकता खानेपानी, सडक, स्वास्थ्य, विदुत्जस्ता सेवा सुविधा पाउनबाट ठगिएका मात्र होइनन् कति त यस्ता सेवाबाट वञ्चित नै छन् । उद्योगी व्यवसायी पनि स-साना काममासमेत भनसुन र धनसुनकै भर पर्नुपर्ने बाध्यता नहटेको गुनासो गर्न छाडेका छैनन् । साँच्चै भन्ने हो भने यतिखेर उच्च पदमा बसेर राजनीति गर्नेको व्यापार फस्टाएको छ । स्वच्छ व्यापार व्यवसाय गर्नेहरू धराशायी बन्दै गएका छन् । सर्वसाधारण न्यून आय भएका जनताको हालतको त कुरै छोडौं ।

संघीय लोकतान्त्रिक गणतन्त्रको यो शासन प्रणालीमा भन्सार, मालपोत, यातायातमा होइन शिक्षा, स्वास्थ्यजस्ता क्षेत्रमासमेत अलि ठूला काम गर्नुपरे लाख, करोड, दान दक्षिणा नबुझाए काम रोकिएका उदाहरण भेटिन्छन् । विकास निर्माणका स्पष्ट योजना र काममा दृढ इच्छाशक्ति नभएका जनप्रतिनिधि पुरानै पाराको सरकारी काम कारबाहीमा रमाएका कर्मचारीकै कारण यस्तो अवस्था सिर्जना भएको हो ।

पछिल्लो परिवर्तनपछि प्रायः सबैजसो स्थानीय तहले विभिन्न शीर्षकमा कर बढाएका कारण जनता मारमा परेका छन् । जनताको आम्दानी बढ्नुको साटो घट्दो छ । कोभिड महामारीपछि हरेक क्षेत्रको व्यापार व्यवसाय पनि घट्दो छ । राजनीतिक दलबाट वास्तविक जनताले कुनै टेको, आधार पाउन सकेको छैन । न त जनप्रतिनिधि राजनीतिको नीति, विधि, सिद्धान्तमा हिँडेका छन् ।

जनतालाई जथाभावी कर र नेतालाई सुविधै सुविधा भएका कारण संघीयताप्रति नै जनताको वितृष्णा बढ्दै जान थालेको छ । व्यापार व्यवसाय चौपट भएका कारण बढ्दो करले उद्योगी व्यवसायीमा पनि निराशा छाएको छ । व्यापार व्यवसाय ठप्प भएका कारण धेरैजसो व्यवसायीहरू ऋण काढेर कर, महसुल ब्याज बुझाउनुपरेको गुनासो गरिरहेका छन् । अधिकांश ऊर्जावान् युवाहरू मुलुकमा रोजगारीको अवसर नँहुदा विदेसिन बाध्य भएका छन् । जुन दिनानुदिन बढिरहेको तथ्यांकबाट पुष्टि हुन्छ । राजनीतिप्रति युवाहरूको निराशा र ठूला दलका आमकार्यकर्ता र केही नेतामा आफ्नै पार्टीप्रतिको वितृष्णाले पार्टी छोड्दै गएका कारण राजनीति कता जाला ? यसै भन्न सकिने अवस्थामा छैन ।

वर्तमान परिस्थिति र जनप्रतिनिधि नसच्चिएकै कारण संघीयता धरापमा पर्ने त होइन ? भन्नेमा शंका उपशंका उब्जिएको छ । कतिपय क्षेत्रमा कर बढाउँदा जनताको जीवनस्तरलाई ध्यान नदिई अवैज्ञानिक तरिकाले बढाउँदा पनि समस्या आएको छ । अनि अहिलेको मन्द व्यापारको मारमा परेका बेला कर, सेवा सुविधामा कमी हुन नसक्दा उनीहरू झनै समस्यामा परेका छन् । धेरै ठाउँका बस्ती सुविधाविना नै नगरपालिका बनेका कारण कर, महसुल, शुल्क बढी तिर्न परेको उदाहरण पनि छ ।

जन्मदेखि मृत्यु, सागसब्जी, हाँस कुखुरा, सामान्य पानी बिजुलीको सिफारिसमा पनि कर लगाइएको छ । सामान्य जीवन निर्वाहका लागि आम्दानीको कुनै स्रोत नभएका घरधनीले सामान्य बहालमा लगाएको एक-दुई कोठाको पनि घरबहाल कर तिर्नुपर्ने बाध्यताले नागरिकमा निराशा बढाएको छ ।

यद्यपि, हाम्रा अधिकांश स्थानीय तहका प्रमुख/उपप्रमुख तलबमात्र होइन जनताले तिर्ने त्यही करबाट महँगा सवारीसाधन किनेर सयर गरिरहेका छन् । जुन सवारीसाधन नगरपालिका र गाउँपालिकाको काममा मात्र होइन पार्टी र व्यक्तिगत काममा प्रयोग गरीरहेका छन् । २०-२५ लाख रूपैयाँका सवारीसाधन प्रयोग गरे पनि हुनेमा ७०-८० लाख रूपैयाँदेखि करोडभन्दा बढी मूल्यका सवारीसाधन चढिरहेका छन् ।

जनताले तिरेको कर महसुलबाट हाम्रा जनप्रतिनिधिले महँगा गाडी तथा अन्य सुविधा उपयोग गर्नु शोभनीय हुँदै होइन । संघीयता महँगो र खर्चिलो व्यवस्था भएकोले नै यसलाई जोगाउने हो भने हाम्रा जनप्रतिनिधि मितव्ययी, नैतिकवान र विधिको राजनीति गर्ने हुन जरुरी छ । र, स्थानीय तह पनि ७५३ बाट घटाएर ४०० को हाराहारीमा राख्ने विषयमा बहस आवश्यक छ ।

हालसम्म प्रदेश सरकारले प्रदेशको औचित्य पुष्टि गर्न नसकेकै बेला प्रदेश नै खारेज गर्नुपर्ने र निर्वाचित कार्यकारी प्रधानमन्त्री हुन अपरिहार्य रहेको आवाज पनि बुलन्द भएको छ । कर महसुल विदेशको तुलना गरेर उठाइए पनि जनतालाई सेवा सुविधा दिन विदेशको कहिल्यै तुलना नगर्ने हाम्रा सरकार चलाउने योजना बनाउनेहरूको मानसिकता देखिन्छ । उनीहरू आफ्ना सेवा सुविधामा कुनै त्याग देखाउन चाहिराखेको देखिँदैन । बरु आफ्ना सेवा सुविधा बढाइरहेका छन् । जनताले तिर्ने करबापतको सेवा सुविधा के कस्तो गरी पाएका छन्, छैनन् ? त्यसप्रति पनि जनप्रतिनिधि जिम्मेवार भएको देखिँदैन । जसले आमनागरिकमा उनीहरूप्रति झनै वितृष्णा बढाएको छ । अनि कतिपय ठाउँमा कर र ठेक्काका नाममा बिचौलिया, आफन्त र ठेकेदारको बिगबिगी र ज्यादति नरोकिएको जगजाहेर छ । कतिपय जनप्रतिनिधिले त आफ्नै ठेकेदार, डोजर प्रयोग गरेर लाखौ कमाइरहेका छन् ।

क्षमता र योग्यताअनुसारको रोजगारी नपाउनु युवा पलायनको मुख्य कारण बनेको छ । २५-३० लाख रूपैयाँ खर्च गरेर नर्सिङ सकेकीले स्थानीय मेडिकल हलमा काम गर्न गयो मासिक पाउने १० हजारमा काम गर्नुपर्ने बाध्यता छ । त्यो पनि समयमा पाइँदैन । अनि विदेश जाने सोच आउँदैन त ?

राजनीतिको प्रदूषित वातावरणले हाम्रा कतिपय विकास निर्माण अवरुद्ध पारेको छ । उद्योगधन्दा कलकारखाना बन्द छन् । सम्भावना बोकेको कृषि क्षेत्रमा खेती लगाउने बेलामा मल र सिँचाइकै अभाव छ । जसले गर्दा रोजगारी सिर्जना हुन सकेको छैन । जनतामाझ इमान्दार बनेर काम नगरेकै कारण युवाहरू मुलुकको राजनीतिबाट वाक्क भएका देखिन्छन् ।

राज्यले खुलासीमाबाट दैनिक भइरहेको चुहावट नियन्त्रण गर्न सकेको छैन । भन्सार नाकामा झिटीगुण्टाको नाममा व्यापक राजस्व चुहावट भइरहेको छ । 'अण्डर बिलिङ'को समस्या पनि रोकिएको छैन । जसका कारण उद्योगी व्यवसायीसमेत निराश देखिन्छन् । हाम्रा जनप्रतिनिधि जनताबाट निर्वाचित भए पनि आफू नै सर्वेसर्वा हो भन्ने ठानिरहेका छन्, न कि जनताप्रति उत्तरदायी बनेका छन् । जनताले जितेर पठाएको जनप्रतिनिधि आफैं 'छोटे राजा' बनेर खादा माला लगाउँछ । उसले विज्ञहरूलाई कहिल्यै आफ्नो कार्यालयमा खादा माला लगाउने वातावरण दिन सक्दैन । यो प्रचलन अहिलेको युवाहरूलाई मन परेकै छैन । एमाले-कांग्रेस गठबन्धनको वर्तमान सरकारले पनि आशा गरिएअनुसार काम गर्न सकेको छैन । मुलुक झनै अस्थिरतातिर गइरहेको छ । यसले पनि जनताका आशामा झनै निराशा थपेको छ ।

नेपालको राजनीति पछिल्लो समय निकै अन्योलपूर्ण अवस्थामा आइपुगेको छ । सरकार सञ्चालन गरिरहेको गठबन्धनभित्र आपसी मनमुटाव र अन्तर्विरोधको सिकार अहिले राज्य प्रणाली, संवैधानिक व्यवस्था र जनताको अधिकार बनेको छ । राजनीतिक अस्थिरताकै कारण भ्रष्टाचार, बेथिति र विदेशीको चलखेल पनि बढेको छ । धेरैले २०८४ पर्खिए पनि नेपालको राजनीतिले अब कुन मोड लेला सहजै अनुमान लगाउन सकिने अवस्था पनि छैन ।

समाजमा धेरै प्रकारको बेथिति छन् । हरेक नागरिक तथा समुदायलाई यिनै बेथितिले प्रभाव पारेको छ । सेवा दिने निकायमामात्रै बेथिति छैन, सेवा लिने नागरिकको सोचाइमा पनि बेथितिलाई बढावा दिने प्रवृत्ति छ । हामी रकम नतिरी काम बनाउनतिर भन्दा धेरथोर रकम दिएर काम गराउनतिर उन्मुख छौं । यस्तो प्रवृत्ति अन्य गराउन आमनागरिक र बुद्धिजीवीको भूमिका महत्त्वपूर्ण हुन्छ । कुनै पनि पद, शक्ति वा ओहोदामा बसेका जिम्मेवार व्यक्तिले आफ्नो मर्यादा र सीमा बिर्सनु हुँदैन । जनप्रतिनिधिहरू जनताले अपेक्षा गरेअनुसार सहज र सरल तरिकाले काम गर्न गराउन लाग्नैपर्छ । यदि स्वच्छ प्रशासन बिर्सन्छ भने त्यसलाई सामाजिक बहिस्कारमा जान आवश्यक छ । अन्यथा, मुलुक सुध्रिदैन ।

## पाठक मञ्च

# सरकारी सम्पत्ति खोजबिन र संरक्षणमा बेवास्ता

२०७९ पुस ११ गते नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रधानमन्त्री भए । उनी नेतृत्वको सरकारका गृहमन्त्री नारायणकाजी श्रेष्ठले ०८० फागुन ९ गते देशभरका सिडिओ कार्यालयलाई एउटा परिपत्र गरे । सोही विषयमै दाहाल सरकारकै गृहमन्त्री रास्वपा सभापति रवि लामिछानेले ०८१ वैशाख ७ गते पुनः परिपत्र गरे । परिपत्रमा भनिएको छ, 'देशभरका सार्वजनिक, सरकारी, गुठी वा राज्यको स्वामित्वमा भएका जग्गाको खोजबिन र संरक्षण गर्नू ।'

भोगचलन गर्न दिइएका सरकारी सम्पत्तिकोसमेत विवरण पठाउन उल्लेख गरिएको थियो । उक्त परिपत्र गरिएको झण्डै डेढ वर्ष बितेको छ । हालसम्म कति सिडिओ कार्यालयले आफ्नो क्षेत्राधिकारभित्रका सरकारी सम्पत्तिको खोजबिन गरे ? त्यसको कसरी संरक्षण गरे ? कति सरकारी जग्गा भोगचलन गर्न दिइएको छ ? कसलाई दिइयो ? किन र कति समयका लागि दिइयो ? जग्गाको दुरूपयोग भएको छ कि छैन ? देशभर सरकारी, सार्वजनिक जग्गा कति छ ? सरकारले विवरण सार्वजनिक गरेको छैन ।

आफ्नो जिल्लाको सम्पत्ति संरक्षण गर्नु प्रमुख जिल्ला अधिकारी (सिडिओ) को कर्तव्य हो । आफ्नो जिल्लामा के भइरहेको छ ? सरकारी सम्पत्तिको दुरूपयोग त भइरहेको छैन ? हिजो कति सरकारी सम्पत्ति थिए र अहिले कति छन् ? भनी खोजतलास गर्नु सिडिओको अधिकारसँगै दायित्व पनि हो । विडम्बना, सिडिओहरूको यसप्रति कुनै चासो देखिँदैन । मुख्य निकायकै निर्देशनसमेत सिडिओ मान्दैनन् । अनि अरु त के नै भन्नु र ?

देशभरका सरकारी, सार्वजनिक, गुठी, ऐलानी, मठमन्दिर, ताल, पोखरी, हदबन्दी छुटको जग्गा व्यक्तिको नाममा गइसक्यो । सरकारी सम्पत्ति जनता र राज्यको हो । दुर्भाग्य, यो सीमित व्यक्तिको नाममा गएको छ । सरकारी सम्पत्ति व्यक्तिको नाममा लैजाने काममा सरकारकै निकाय र कर्मचारीहरू संलग्न भेटिन्छन् । सरकारका उच्च पदस्थ पदाधिकारीदेखि राजनीतिक दलका नेता, सरकारी कर्मचारी, कानुन व्यवसायी, व्यापारीलगायतको मिलेमतोमा राज्यको सम्पत्तिमाथि गैरकानुनीरूपमा कब्जा जमाइएको छ । सरकारकै निकाय सरकारी सम्पत्ति दोहनमा लागेपछि कसको के लाग्छ ?

देशभरको सरकारी सम्पत्ति त व्यक्तिको नाममा गयो नै सँगै मुलुकको भूभागमाथिसमेत छिमेकीले कब्जा गरेको छ । नेपालको थुप्रै भूभागमाथि भारत र चीनले कब्जा गरेका छन् । दार्जीलिङ, सिक्किम, टकनपुर, तिब्बत, कालापानी, लिपुलेक, लिम्पियापुर, कोलकतालगायत थुप्रै भूभाग पहिले नेपालको भएकोमा अहिले भारत र चीनको भनी परिचित छ । अनि आफ्नो स्वार्थका लागि देशको भूभागसमेत बेच्ने नेता र कर्मचारीहरूले सरकारी, सार्वजनिक सम्पत्ति दोहन गर्नु नौलो कुरा होइन । छिमेकीले हाम्रो भूभाग त लग्यो नै सँगै जसोतसो बचेको भूभागमाथिसमेत उनीहरूकै कारण निरन्तर असर परिरहेको छ । चीनमा वर्षा पर्दा रसुवागढीमा बाढीले बितण्डा मच्चायो । बाढीमा परी दर्जनौंको मृत्युसँगै बेपत्ता हुनुका साथै अर्बौंको भौतिक क्षति पुगेको छ । अब यसको भर्पाइ कसले गर्ने ? चीनले गर्छ त ?

भाटभटेनी सुपरमार्केटका सञ्चालक मीनबहादुर गुरुङलाई बालुवाटारस्थित ललिता निवासको जग्गा प्रकरणमा दुई वर्ष कैद र ८० लाख रूपैयाँ जरिवानाको फैसला सुनाइसकिएको छ । यतिमात्र होइन, उनले साढे चार अर्ब रूपैयाँ राजस्व छलेको अदालतको ठहर छ । सो रकम उठाउन पनि अदालतले भनेको छ । तर, राज्यलाई राजस्व तिर्नुको साटो गुरुङले सरकारको नेतृत्व गरिरहेको एमालेलाई पार्टी कार्यालय बनाउन भन्दै काठमाडौंको कीर्तिपुर नगरपालिकास्थित मैत्रीनगरमा १० रोपनी १४ आना जग्गादान दिए । साथै, करोडौं रकम खर्चिएर एमालेको भवनसमेत बनाइदिन लागेका छन् । यसको आमजनमानसले व्यापक आलोचना गर्दै आएका छन् । एमालेकै नेतृ विन्दा पाण्डे र उषाकिरण तिम्सिनाले त्यसको विरोध गरे । 'बरु कार्यकर्ताबाट पैसा उठाऔं तर गुरुङबाट जग्गादान नलिऔं' भन्दा अध्यक्ष केपी शर्मा ओलीले उनीहरूलाई कारबाहीस्वरूप निलम्वन गरिदिए ।

यसअघि प्रधानमन्त्री हुँदा ओलीले ०७८ वैशाख ७ र १३ गते झापाको गिरिबन्धु टि स्टेटको सरकारी जग्गा व्यक्तिलाई दिने निर्णय मन्त्रिपरिषद्मार्फत गरे । स्व. मनमोहन अधिकारी र सूर्यबहादुर थापाले पनि प्रधानमन्त्री हुँदा गिरिबन्धुको जग्गा व्यक्तिको नाममा दर्ता गर्ने निर्णय गरेका थिए ।

सिंहदरबार दक्षिण गेट, अनामनगर, कालीकास्थान घट्टेकुलो, हनुमानस्थान, सिडिओ कार्यालय, बिजुलीबजार, रामशाह पथमा हाल घर तथा भवन बनेका जग्गा पहिले सरकारी, सार्वजनिक, गुठी, ऐलानी भएको बताइन्छ । तर, अहिले यो जग्गा व्यक्तिको नाममा गइसक्यो । अनि आफ्नै आँगनको जमिन बचाउन नसक्ने सरकारमा बसेकाले देशभरको सरकारी सम्पत्ति बचाउँछन् भनेर जनताले कसरी विश्वास गर्ने ?

– *रुषा थापा, भक्तपुर*



**स्नान गर्दै श्रद्धालु** | गुरू पूर्णिमाको अवसरमा बिहीबार जनकपुरधामस्थित पवित्र सरोवर गंगासागरमा स्नान गर्दै श्रद्धालुहरू ।
*तस्बिर: अमरेन्द्रकुमार यादव/रासस*

# आफ्नो गाउँ आफैं बनाउँदै सामुदायिक वन



■ **प्रेमनारायण आचार्य**

**अर्घाखाँची–** अर्घाखाँचीमा सामुदायिक वनहरूले विकास निर्माणका विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएका छन् । ती सामुदायिक वनहरूले आफ्नो आम्दानीबाट विकास निर्माणका काम गर्न सक्षम भएको उदाहरण प्रस्तुत गरेका छन् । सामुदायिक वनले विभित्र प्रकारका रोजगारी सिर्जना गरेपछि वैदेशिक रोजगारीबाटसमेत युवाहरू फर्केर गाउँमा काम गर्न थालेका छन् । शितगंगा-११ मा रहेको गैँडे सामुदायिक वनले घाटगद्दी व्यवस्थापन, खोलमा तटबन्ध निर्माणलगायतका विकासका काम गर्दै आएको छ ।

शितगंगा नगरपालिकामा रहेका सामुदायिक वनहरूले सडक निर्माण, मोटरबाटो कालोपत्र, विद्यालय भवन निर्माण, कुलो निर्माण, बिजुलीबत्ती बाल्नेलगायतका विभिन्न सामाजिक सेवाका कार्य गर्दै आएको सिनियर डिभिजन वन अधिकृत मोहनप्रसाद श्रेष्ठले बताए । सामुदायिक वनले विकास निर्माणका काममात्र हैन, विभिन्न रोजगारी सिर्जना गरेको उनको भनाइ छ । युवाहरू वैदेशिक रोजगारी र भारतबाट फर्केर विभिन्न रोजगारीमा लागेका छन् ।

मजुरेडाँडा सामुदायिक वन शीतगंगा-१२ पत्थरकोटले स्थानीय सरकारसँग सहकार्य गरेर सडक कालोपत्र गरेको छ । सामुदायिक वनको १५ लाख रूपैयाँ र शीतगंगा नगरपालिकाको १० लाख रूपैयाँ गरी २५ लाख रूपैयाँमा सडक कालोपत्र गरेको सामुदायिक वनका अध्यक्ष प्रदीप बिसीले बताए । शीतगंगा नगरपालिका-१४ मा रहेको पावर सामुदायिक वनले पातपतिंगरबाट प्रांगारिक मल उत्पादन गर्न सुरु गरेको छ । गाउँमा अर्गानिक खेती विस्तार गर्न डिभिजन वन कार्यालयको सहकार्यमा डढेलो नियन्त्रण तथा रोजगारी सिर्जना गर्न अन्य सामुदायिक वनकोसमेत पातपतिंगरबाट प्रांगारिक मल उत्पादन सुरु गरेको हो ।

शितगंगा-१४ मा रहेको गौंडे सामुदायिक वनले कुलो निर्माण, सडक निर्माण, खोला कटान संरक्षण, पहिरो नियन्त्रण, घाटगद्दी व्यवस्थापनलगायतका काम गर्दै आएको छ । यस्तै धीरेखोला सामुदायिक वन उपभोक्ता समूह शीतगंगा-१३ ले सामुदायिक वनको आम्दानीबाट गाउँमा बिजुलीबत्ती बलेको छ । कृषि पेसालाई व्यावसायिक र आधुनिक बनाउन मिनी टिलर वितरण, चाप कटहर वितरणलगायतका कार्य सामुदायिक वनको आम्दानीले गर्दै आएको सामुदायिक वनका अध्यक्ष नारायण पौडेलले बताए । विकासका लागि कुनै तहका सरकारको मुख ताक्नु नपर्ने उनको भनाइ छ ।

शितगंगा नगरपालिका-१२ मा रहेको डोहोटे सामुदायिक वन उपभोक्ता समूहले विद्यालयमा शिक्षकको तलबदेखि, सडक निर्माण, समूहको सदस्यलाई आयआर्जनमा वृद्धि गर्न बाखा वितरण, शौचालय निर्माणलगायतका विभिन्न विकास निर्माणका काम गर्दै आएको समूहका अध्यक्ष रेशमराज बञ्जाडेले बताए । उनले नेपालमा विदेशी काठ आयात बन्द गरेर स्वदेशी काठको प्रयोग गर्नसके सामुदायिक वनमा रहेको काठ बिक्री वितरणको समस्या नरहने उल्लेख गरे ।

लुम्बिनी प्रदेशका वन तथा वातावरणमन्त्री देवकरणप्रसाद कलवारसहितको टोलीले हालै शीतगंगाका विभिन्न सामुदायिक वनले गरेका कार्यको निरीक्षण गरेको छ । उक्त अवसरमा मन्त्री कलवारले विदेशी काठको आयात तत्काल रोकी नेपाली काठको उच्चतम् प्रयोग गर्नुपर्नेमा जोड दिँदै एकातिर वनमा काठ कुहिएर खेर गइरहेको र अर्कोतिर मुलुकमा आवश्यक पर्ने काठ किन्नुपर्ने बाध्यता रहेको बताए । वन क्षेत्रको दिगो व्यवस्थापन गरी व्यावसायिक उपयोग गर्ने घोषणा गरेको नेपाल वर्षौंदेखि काठमा परनिर्भर भएकाले अब स्वदेशी काठलाई प्राथमिकता दिनुपर्ने उनको भनाइ छ ।

'४५ प्रतिशतभन्दा बढी वन क्षेत्र भएको मुलुक नै काठमा परनिर्भर हुनुपर्ने अवस्था र काठ उत्पादन र प्रयोगको स्पष्ट नीति नहुँदा बर्सेनि अर्बौं रूपैयाँ काठ खरिदमा बाहिरिने गरेको छ,' मन्त्री कलवारले भने । उनले मुलुकमा छ वर्षयतामात्रै ३८ अर्ब रूपैयाँभन्दा बढीको काठ आयात भएको जानकारी दिए ।

उक्त अवसरमा लुम्बिनी प्रदेश सरकारका वन महानिर्देशक प्रभात सापकोटाले सामुदायिक वनमार्फत वनको दिगो व्यवस्थापन गर्दै व्यावसायिक प्रयोगलाई प्राथमिकता दिने नीति अगाडि बढाउने बताए । उनले विकास निर्माणमा सामुदायिक वनको भूमिका नमूनायोग्य रहेको उल्लेख गरे । *रासस*

# लम्पी स्किनबाट झापामा १० हजार पशु संक्रमित

**झापा (प्रस)–** लम्पी स्किन रोगको संक्रमणबाट एक वर्षभित्र यहाँ १० हजारभन्दा बढी गाईगोरु संक्रमित भएका छन् । केही महिनायता संक्रमित १४२ गाईगोरु मरिसकेका छन् ।

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र झापाकी प्रमुख शितल भट्टराईका अनुसार रोग नियन्त्रणका लागि जिल्लाका १५ वटै पालिकामा खोप सञ्चालन भइरहेको छ । हालसम्म रोग नियन्त्रणका लागि जिल्लामा ५८ हजार गाईगोरुलाई खोप लगाइएको छ ।

जिल्लामा सबैभन्दा बढी यो रोगको संक्रमण मेचीनगर नगरपालिका र बाह्रदशी गाउँपालिकामा देखापरेको उनले बताइन् । गर्मी बढेसँगै लम्पी स्कीन रोगको संक्रमण फैलिरहेको उनको भनाइ छ । 'यो रोग लामखुट्टे, भुसुना, झिंगा, किर्ना आदिको टोकाइबाट फैलिन्छ,' भट्टराईले भनिन्, 'रोग नियन्त्रणका लागि किसानका प्रत्येक गोठसम्म पुगेर निःशुल्क खोप अभियान सञ्चालन गरिरहेका छौं ।' उनले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय कोशीबाट ७७ हजार ५०० वटा खोप जिल्लामा आएको बताइन् ।

यो रोग लागेका गाईगोरुमा ज्वरो आउने, शरीरको विभिन्न भाग तथा भित्री तहमा गाँठागुठी देखिने, गाँठागुठीमा पानी बग्ने र पाक्ने गर्दछ । केन्द्रकी प्रमुख भट्टराईले विगतमा खोप लगाएका गाईगोरुमा सो समस्या नदेखिएको बताइन् । उनको भनाइ छ, 'पहिल्यै खोप लगाएका गाईवस्तुमा रोग देखिएको छैन, नयाँ जन्मिएका बाछाबाछी र बाहिरबाट खरिद गरेर ल्याइएका नयाँ गाईगोरुमा मात्र यसको जोखिम तीव्र मात्रामा देखिएको छ ।'

उनले चालु आर्थिक वर्ष २०८१/८२ मा गाईभैँसीमा देखिने बाँझोपन निवारणका लागि जिल्लाका ७२ वटा फार्ममा पुगेर अवलोकन गरी एकीकृत शिविर सञ्चालन गरेको बताइन् । यसैगरी सोही अवधिमा प्राकृतिक विपद्बाट पशुधनमा भएको क्षतिका १३ निवेदन आएको उनले जानकारी दिइन् । सोही निवेदनका आधारमा कार्यालयले छ हजारदेखि ७८ हजारसम्म राहत स्वरूप प्रदान गर्दै आएको प्रमुख भट्टराईले बताइन् ।

# डेंगु नियन्त्रण गर्न लार्भा खोजी तथा नष्ट अभियान



**कञ्चनपुर (प्रस)–** वर्षात्को मौसमसँगै डेंगुको जोखिम बढ्दै जान थालेपछि कञ्चनपुरमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको छ । स्वास्थ्य कार्यालय कञ्चनपुरले डेंगु सार्ने लामखुट्टेको बासस्थान पहिचान गरी लार्भा खोजी तथा नष्ट गर्नेसम्बन्धी पालिकाहरूमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरेको छ ।

स्वास्थ्य कार्यालय कञ्चनपुरका औलो निरीक्षक सिद्धराज भट्टले डेंगु नियन्त्रणको सुरुआत घरआँगन सफा राख्ने र पानी जम्ने ठाउँ हटाउने कार्यबाट गरिएको बताए । उनका अनुसार डेंगुको संक्रमणबाट जोगिन लामखुट्टेको बासस्थान नष्ट गर्ने, त्यसका लागि पानी जम्ने ठाउँहरू (फूलदानी, बाल्टिन, टायर, ड्रम, कुलर, टयांकी, प्लास्टिकका भाडाहरू आदि) सफा राख्ने कार्यबारे समाजका अगुवाहरूलाई भेला गरेर जानकारी दिने कार्य भइरहेको छ ।

कार्यक्रममा सहभागीहरूलाई विभिन्न ठाउँमा गएर लामखुट्टे लार्भा पहिचान गर्ने तरिका सिकाउने, पानी जम्मा हुने ठाउँहरूमा सर्भे गरी सचेतना फैलाउनेलगायतका कार्यक्रम भइरहेको उनको भनाइ छ ।

पानी राख्ने भाँडाहरू ढाकेर राख्ने, बिहान र दिउँसो लामखुट्टे बढी सक्रिय हुने समय भएकाले त्यो बेला लामो बाहुला भएका कपडा लगाउने, शरीर खुला नराख्ने, लामखुट्टे भगाउने क्रिमको प्रयोग गर्ने, घरभित्र र वरिपरि सफा राख्ने, झ्याल, ढोकामा जाली लगाउने, सुत्ने बेला झुलको प्रयोग गर्नुपर्दछ भन्ने कुरा कार्यक्रमका माध्यमबाट सचेत पार्ने कार्य भइरहेको उनले उल्लेख गरे ।

'टुक्रा-टुक्रा प्लास्टिक, टिनका डब्बा, भाँचिएका भाँडाहरू खुला ठाउँमा नराख्ने, डेंगुका लक्षण (ज्वरो, टाउको दुख्ने, हड्डी दुख्ने, आदि) भएमा तुरुन्त स्वास्थ्य संस्थामा जानु पर्दछ,' उनले भने । पालिकाहरूसँग समन्वय गरी डेंगुविरुद्धको सचेतनामूलक कार्यक्रम भइरहेको उनले बताए । उनले डेंगु रोग, यसको लक्षण, लामखुट्टेको जीवनचक्र र नियन्त्रणका उपायबारे जानकारी दिँदै डेंगु एडिस एजिप्टाइ जातको पोथी लामखुट्टेले सार्ने रोग रहेको बताए ।

'डेंगु सार्ने लामखुट्टेले प्रायः बिहान र दिउँसो टोक्ने गर्छ' उनले भने, 'यसको जीवनचक्रमा अण्डा, लार्भा, प्युपा र वयष्क चरण पर्दछ, लार्भा पानीमा विकसित हुने भएकाले पानी जम्ने भाँडाकुडा यसको मुख्य स्रोतका रूपमा रहेका छन् ।'

पानी जम्ने भाँडाकुडाको पानी फाल्ने कार्य गर्नुपर्ने उनले उल्लेख गरे । डेंगुको संक्रमण भएमा उच्च ज्वरो आउने, टाउको दुखाइ हुने आँखाको पछाडि दुखाइ हुने, मांसपेशी र हड्डी दुख्ने, आदि हुने गरेको उल्लेख गर्दै उनले डेंगु रोगको कुनै विशेष औषधि नभएकोले पूर्वसतर्क रही रोगको संक्रमण गराउने लामखुट्टेको टोकाइबाट बच्नु मुख्य उपाय रहेको बताए ।

'शुक्लाफाँटा नगरपालिकामा कार्यक्रम सम्पन्न गरिसकेका छौं,' उनले भने, 'कृष्णपुर नगरपालिकाका दुई ठाउँमा कार्यक्रम सञ्चालन गर्ने तयारी भइरहेको छ, अन्य डेंगुको जोखिम देखिएका ठाउँमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने योजना छ ।'

डेंगु रोग नियन्त्रणका लागि व्यक्तिगत सरसफाइ, सामुदायिक सचेतना र सरकारी निकायबीचको सहकार्य अत्यन्तै जरुरी रहेको छ पिपलाडी स्वास्थ्य चौकीका प्रमुख दुर्गादत्त भट्टले बताए । 'यस सचेतनामूलक कार्यक्रमले डेंगु नियन्त्रणमा उल्लेखनीय सहयोग पुग्ने विश्वास लिएका छौं,' उनले भने ।

कञ्चनपुरमा चालु आवको साउन महिनादेखि हालसम्म २९ जना व्यक्तिमा डेंगुको संक्रमण देखापरेको छ । वर्षाको समयमा अझै डेंगुको संक्रमण बढ्न सक्ने भएकाले सचेत हुनुपर्ने स्वास्थ्यकर्मीहरूको भनाइ रहेको छ ।


## रिलायन्स फाइनान्स लिमिटेडको पन्ध्रौं वार्षिक साधारण सभाको निर्णय माइन्यूट (विवरण)
### कम्पनी ऐन २०६३ को दफा ७५ को उपदफा ३ को प्रयोजनार्थ प्रकाशित

यस वित्तीय संस्थाको मिति २०८२/०२/०५ गते बसेको संचालक समितिको ३४४ औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम संस्थाको पन्ध्रौं बार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री कुश प्रसाद मल्लीज्यूको सभापतित्वमा निम्न मिति, समय र स्थानमा बसी देहायका विषयहरु उपर छलफल गरि देहाय बमोजिम निर्णयहरु भयो ।

१. **सभा भएको मिति समय र स्थानः**
मितिः २०८२ साल जेष्ठ महिना २८ गते बुधबार (तद्नुसार ११ जुन, २०२५)
स्थानः अनुपम फुड ल्याण्ड एण्ड व्यांक्वेट प्रा.लि., बत्तीसपुतली, गौशाला, काठमाण्डौ ।
समयः दिनको ११:०० बजे ।

२. **सभाको सूचनाः**
कम्पनी ऐन २०६३ को दफा ६७(२) बमोजिम संस्थाको पन्ध्रौं वार्षिक साधारण सभाको सूचना तथा सभा हुने मिति, समय, स्थान र सभामा छलफल हुने विषयहरु सम्बन्धी सम्पूर्ण प्रस्तावहरु सहितको सूचना, पन्ध्रौं वार्षिक प्रतिवेदन संस्थाको वेवसाईटमा राखिएको, संस्थाको शेयरधनी दर्ता पुस्तिकामा कायम रहेका शेयरधनीहरुलाई SMS मार्फत साधारण सभाको जानकारी सहित वार्षिक प्रतिबेदन पठाउनुका साथै नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक मिति २०८२/०२/०६ तथा दोश्रो पटक आर्थिक अभियान दैनिकमा मिति २०८२/०२/२१ मा दोश्रो पटक सभा हुने स्थान, मिति, समय र छलफल हुने विषयको सार्वजनिक सूचना पनि शेयरधनी महानुभावहरुमा जानकारीको लागि प्रकाशित गरिएको ।

३. **सभाको वैधानिकता तथा सभाको सभापतित्व**
कम्पनी ऐन, २०६३ तथा यस वित्तीय संस्थाको नियमावली बमोजिम प्रस्तुत बार्षिक साधारण सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ अनुसार साधारण सभाको गणपुरक संख्या पुगेको हुँदा बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५१ प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरुमध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम संस्थाको पन्ध्रौं बार्षिक साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा हाजिरी जनाउने र प्रोक्सी समेत गरि जारी शेयरको ५१.६० प्रतिशत शेयरधनीको उपस्थिति भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ७३(२) तथा यस संस्थाको नियमावलीको नियम २३ अनुसार साधारण सभाको लागि गणपुरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा वैधानिक भएको बैठकमा जानकारी गराई सभा शुरु गरियो । सभाको सभापतित्व गरिदिन सञ्चालक समितिका अध्यक्ष श्री कुश प्रसाद मल्लीज्यूलाई अनुरोध गरिएपछि वहाँले सभाको सभापतित्व गर्नुभयो ।

४. **उपस्थितिः**
(क) संचालक उपस्थितिः

| क्र.सं. | नाम | पद |
|---|---|---|
| १. | श्री कुश प्रसाद मल्ली | अध्यक्ष |
| २. | श्री विष्णु मान जोशी | संचालक |
| ३. | श्री तुलसी प्रसाद बराल | संचालक |
| ४. | श्री श्वेता कक्षपती (शाक्य) | संचालक |
| ५. | श्री ईश्वरी प्रसाद न्यौपाने | स्वतन्त्र संचालक |

(ख) प्रतिनिधी उपस्थितिः

| | | |
|---|---|---|
| १. | श्री विजय भुषाल | प्रतिनिधि बाह्य लेखा परिक्षक |
| २. | अधिवक्ता श्री निर बहादुर पौडेल | कानुनी सल्लाहकार |

(ग) पदाधिकारी उपस्थितिः

| | |
|---|---|
| श्री समाज प्रकाश श्रेष्ठ | प्रमुख कार्यकारी अधिकृत |
| श्री रामहरि आचार्य | उप प्रमुख कार्यकारी अधिकृत |
| श्री दिक्पाल श्रेष्ठ | वरिष्ठ प्रबन्धक |
| श्री नविन्द्र के.सी. | प्रबन्धक |
| श्री युज कुमार भैल | कम्पनी सचिब |

(घ) शेयरधनी उपस्थितिः

| | |
|---|---|
| १. शेयरधनी स्वंय उपस्थितिः | १०,१२,४०५ कित्ता । |
| २. प्रतिनिधिबाट उपस्थितिः | ४७,७४,६१० कित्ता । |
| ३. जम्मा उपस्थितिः | ५७,८७,०१५ कित्ता । |

५. **गणपूरक संख्या**
संस्थाको कुल जारी शेयर १,१२,१४,५१७.३० कित्ता मध्ये ४७,७४,६१० कित्ताको प्रोक्सि मार्फत र १०,१२,४०५ कित्ता शेयरको स्वयम् प्रतिनिधित्व गर्दै जम्मा २३९ जना शेयरधनीहरु स्वयम् उपस्थिति हुन गई जम्मा ५७,८७,०१५ कित्ता अर्थात जारी शेयरको ५१.६० प्रतिशत शेयरको उपस्थिति भएको हुँदा कम्पनी ऐन २०६३ को दफा ७३(२) तथा यस संस्थाको नियमावलीको नियम २३ अनुसार साधारण सभाको लागि गणपुरक संख्या पुगेको छ ।

६. **छलफलको विषयहरुः**
क. सामान्य प्रस्ताबहरुः
१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत गरिने आर्थिक वर्ष २०८०/०८१ को पन्ध्रौं वार्षिक प्रतिवेदन पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.ब.२०८०/८१ आषाढ मसान्त सम्मको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु पारित गर्ने ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व.२०८१/०८२ को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षण समितिको सिफारिश बमोजिम लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने बारे ।
४. विविध ।

ख. विशेष प्रस्तावहरु
१. यस रिलायन्स फाइनान्स लि. तथा अन्य कुनै बैंक, विकास बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने र गाभिने (मर्जर), प्राप्ती तथा विलय गर्न उपयुक्त देखिएमा मर्जर, प्राप्ति वा विलय गर्न, DDA (Due Diligence Audit) गर्ने, नियमनकारी निकायबाट आवश्यक स्वीकृति लिन तथा सो सम्बन्धमा सम्पूर्ण काम गर्ने अख्तियारी संचालक समितिलाई प्रदान गर्ने । साथै गाभिने (मर्जर), प्राप्ति तथा विलय समेतका सम्बन्धमा नियमनकारी निकाय वा अन्य कुनै कार्यालयहरुबाट कुनैपनि विषयमा संशोधन परिमार्जन थपघट वा परिवर्तन गर्न कुनै निर्देशन प्राप्त भएमा सो समेत मिलाई संशोधन वा परिवर्तन गर्नुपरेमा सो कार्यहरु समेत गर्न संस्थाको संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

७. **वार्षिक प्रतिबेदनको प्रस्तुतिः**
सभामा वित्तीय संस्थाका अध्यक्ष तथा सभाका सभापतिज्यूले उपस्थित सबै शेयरधनी, प्रतिनिधिहरु, पत्रकारवर्गहरु लाई स्वागत एवं अभिवादन गर्दै पूर्व निर्धारित छलफलको विषय सूची अनुसार आ.व.२०८०/८१ को सञ्चालक समितिको प्रतिवेदन सभामा पढेर सुनाउनु भयो र छलफलका लागि विषय प्रस्तुत गर्दै सभा समक्ष पारित गर्न पेश गर्नु भयो ।

८. **छलफलको लागि आह्वान तथा सहभागी शेयरधनी महानुभावहरुको नामावलीः**
वित्तीय संस्थाको आ.व.२०८०/०८१ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह सहितको वित्तीय विवरण तथा पन्ध्रौं वार्षिक साधारण सभाको प्रतिवेदन उपर आ-आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै जिज्ञासा तथा सुझाव भए जानकारी गराउन शेयरधनीहरु समक्ष अनुरोध गर्दा निम्न बमोजिमका शेयरधनीहरुले निम्न जिज्ञासा, प्रतिकृया तथा सुझावहरु कार्यक्रममा उपस्थित मौखिक तथा लिखित रुपमा सुझाब राख्नुभयोः **कार्यक्रम स्थलमा उपस्थित भई सुझाब शेयधनीहरुको नामः** १. श्री सुदिप श्रेष्ठ, २. श्री ब्रम्ह देव शाक्य, ३. श्री शत्रुघन श्रेष्ठ ४. उद्धब धिमिरे ५. युगल बसेल ६. उत्सब श्रेष्ठ ७ कृष्ण प्रसाद अधिकारी । **कार्यक्रम स्थलमा उपस्थित भई लिखित सुझाब शेयधनीहरुको नामः** १. श्री चन्द्र नारायण श्रेष्ठ, २. श्री बैद्यनाथ रौनियार, ३. श्री निरुपमा गुप्ता, ४.श्री महेन्द्र बहादुर श्रेष्ठ ५.श्री डम्बरु वल्लभ घिमिरे ६. श्री रोज कुमार श्रेष्ठ ७.श्री नरसिं लाल चखुँ, भेषराज भण्डारी ८. लवराज जोशी ।

९. **शेयर धनीहरुले सभामा राखेका मुख्य मुख्य जिज्ञासा तथा सुझावहरु (सार संक्षेपमा):**
- फाइनान्स कम्पनी मध्ये यो कान्छो फाइनान्सले निरन्तर रुपमा मुनाफा दिई आएकोमा यस आ.ब.मा देशको आर्थिक मन्दीको कारणले मुनाफा दिन नसकेकोमा आगामी दिनमा शेयरधनीलाई मुनाफा दिने गरि कार्य गर्न हुन सुझाब दिनु भयो ।
- संस्थाले साधारण सभा समयमै गर्नका लागि सुझाब दिनु भयो ।
- कर्जा लगानी भन्दा कर्जा असुलीमा बढी ध्यान दिई यस संस्थालाई चालु आ.ब.मा मुनाफामा ल्याउनका लागि सुझाब दिनु भयो ।
- संस्थाको NBA विक्री गरि संस्थाको अवस्थालाई सुधार गर्न सुझाब दिनु भयो ।
- मर्जर सम्बन्धमा सुझाबहरु दिनु भयो ।
- संस्थाको प्रगति राम्रो छ अझै प्रगति गरेको देख्न पाईयोस भनी शुभकामना दिदै आजको साधारण सभाको सफलताको कामना गर्नु भयो ।
- संस्थाले खर्च कम गरि मुनाफा दिन सुझाब दिनु भयो ।

१०. **जिज्ञासा तथा सुझावहरु उपर जवाफः**
शेयरधनीहरुसंग छलफलको क्रममा उठेका जिज्ञासा तथा सुझाबहरु उपर संस्थाका अध्यक्ष श्री कुश प्रसाद मल्लीज्यूबाट जवाफ प्रस्तुत गर्नु भयो ।

शेयरधनीहरुबाट राम्रो राम्रो सुझाब र जिज्ञाशाहरु प्राप्त भएका छन । तपाई शेयरधनीहरुले राख्नुभएको जिज्ञासा, सल्लाह तथा सुझावहरु आगामी दिनका लागि मार्गदर्शनको रुपमा लिईनुका साथै सुझाब दिने सबै शेयरधनीहरुलाई धन्यवाद ज्ञापन गर्नु भयो । साथै आगामी दिनमा यहाँहरुको सल्लाह तथा सुझाबहरुलाई अवलम्बन गर्दै जाने व्यहोरा समेत अनुरोध छ । आजको मुख्य मुख्य जिज्ञासाको जवाफ दिन चाहन्छु ।

संस्थाले विगत बर्षहरुमा मुनाफा दिदै आएकोमा हाल देशमा देखा परेको आर्थिक मन्दीको कारणले गर्दा मुनाफा दिन नसकेको हो । शेयरधनीहरुले दिनु भएको सुझाबहरुले हामीलाई उत्साह थपेको छ । साथै आगामी दिनमा संस्थालाई मुनाफा वितरण योग्य बनाउनका लागि कर्जा असूली तथा गैह्र बैंकीङ्ग सम्पत्ती विक्रीको लागि छुटै कमिटी गठन गरि सो कमिटी मार्फत कार्ययोजना बनाई कार्य गरिरहेको जानकारी गराउन चाहन्छु । हामी सदैब मर्जर र एक्वीजिसनका विषयमा चनाखो भई लाग्ने व्यहोरा अनुरोध गर्दै प्राप्त भएको सुझाबहरु अनुरुप सुधार गर्दै संस्थालाई अगाडी बढाउँदै लाने प्रतिवद्धता जाहेर गर्दछु । यस साधारण सभामा उपस्थित भई अमूल्य सुझाब तथा सल्लाह दिनुहुने सवै महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्दछु ।

११. **पन्ध्रौं वार्षिक साधारणसभामा सर्वसम्मतिबाट पारित भएका निर्णयहरुको विवरणः**
**(क) सामान्य प्रस्तावहरु**
१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत गरिएको आर्थिक वर्ष २०८०/०८१ को पन्ध्रौं बार्षिक प्रतिवेदन सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो ।
२. आ.ब.२०८०/८१ आषाढ मसान्त सम्मको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु सहित लेखापरीक्षकको प्रतिवेदन सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व.२०८१/०८२ को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षण समितिको सिफारिश बमोजिम लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताब सम्बन्धमा यस संस्थाका साविकका लेखापरिक्षकको ३ बर्षिय कार्यकाल पुरा भई सकेको हुँदा बाह्य लेखापरिक्षक नियुक्ती गर्न लेखापरीक्षण समितिको सिफारीस बमोजिम लेखापरिक्षक श्री बी.आर.एस. न्यौपाने एण्ड कम्पनी लि. लाई पारिश्रमिक बापत भ्याट बाहेक रु. ५,००,०००।०० (अक्षरेपी पाँच लाख मात्र) उपलब्ध गराउने गरी आ.व. २०८१/०८२ को लेखापरीक्षण गर्नका लागि बाह्य लेखापरिक्षकमा नियुक्ती गर्ने प्रस्ताब सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो ।
४. सामान्य प्रस्ताब तर्फ विविध विषयमा अन्य कुनै पनि प्रस्ताब नभएको जानकारी सभामा गराइयो ।

**(ख) विशेष प्रस्तावहरु**
यस रिलायन्स फाइनान्स लि.तथा अन्य कुनै बैंक, विकास बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने र गाभिने (मर्जर), प्राप्ती तथा विलय गर्न उपयुक्त देखिएमा मर्जर, प्राप्ति वा विलय गर्न, DDA गर्न, नियमनकारी निकायबाट आवश्यक स्वीकृति लिन तथा सो सम्बन्धमा सम्पूर्ण काम गर्ने अख्तियारी संचालक समितिलाई प्रदान गर्ने । साथै गाभिने (मर्जर), प्राप्ति तथा विलय समेतका सम्बन्धमा नियमनकारी निकाय वा अन्य कुनै कार्यालयहरुबाट कुनैपनि विषयमा संशोधन परिमार्जन थपघट वा परिवर्तन गर्न कुनै निर्देशन प्राप्त भएमा सो समेत मिलाई संशोधन वा परिवर्तन गर्नुपरेमा सो कार्यहरु समेत गर्न संस्थाको संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताब सर्वसम्मत पारित गर्ने निर्णय गरियो ।

१२. **सभा विसर्जन**
कार्यक्रमको अन्त्यमा संस्थाका अध्यक्ष एबं सभाका सभापति श्री कुश प्रसाद मल्लीज्यूले साधारणसभा सफलतापूर्वक संचालन एवम् सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु, पत्रकारवर्ग तथा अन्य उपस्थित महानुभावहरु सबैलाई धन्यवाद दिदैं आजको साधारण सभा विसर्जन भएको घोषणा गर्नु भयो ।

........................ ........................
युज कुमार भैल — कम्पनी सचिब
कुश प्रसाद मल्ली — अध्यक्ष

RELIANCE FINANCE LIMITED
रिलायन्स फाइनान्स लिमिटेड

**Head Office:** Reliance Bhawan, Kamaladi, Kathmandu.
Tel: +977-1-5361104, 5323117, 5361041, 5361167, 5903698
Email: info@reliancenepal.com.np
Web: www.reliancenepal.com.np


वित्तीय सेवाको अर्को परिभाषा

प्रभाव दैनिक
शुक्रबार, २७ असार, २०८२ (Friday, July 11, 2025)

रूपशाला

## छाडा गीत गाउनेलाई साइबर ब्युरोले एक्सन लिने

पछिल्लो समय छाडा गीत गाउन थालिएपछि यसमा सरकारले कडाइ गर्ने भएको छ । बिहीबार गृहमन्त्री रमेश लेखकले छाडा गीत गाउनमा रोक लगाइने बताए । छाडा गीतमा प्रतिबन्धका लागि राष्ट्रिय लोकसञ्चारकर्मी नेपालले बिहीबार ज्ञापत्रपत्र बुझाएपछि गृहमन्त्री लेखकले यस्तो बताएका हुन् । उनले सञ्चारकर्मीहरूसँगको भेटमा साइबर ब्युरोले छाडा गीतमा एक्सन लिने जानकारी दिएका हुन् ।



# निर्देशक खरेलको 'चिट्ठी' भदौ २० मा प्रदर्शन हुने




■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्र लेखक तथा निर्देशक माधवराज खरेलद्धारा निर्देशित चलचित्र 'चिट्ठी' भदौ २० गतेबाट प्रदर्शनमा आउने भएको छ । एरा प्रोडक्सनको ब्यानरमा निर्माण भएको संचारकर्मी कमला जोशी निर्माता रहेको यस चलचित्रको वितरणको जिम्मेवारी कुवेर सिने डिस्ट्रीब्युशनले लिएको छ ।

केही समय अघि काठमाण्डौमा विशेष प्रदर्शनी गरिएको यस चलचित्रप्रति दर्शकहरूले देखाएको माया र दिएको प्रतिक्रियाले निर्माण पक्ष उत्साहित भएको छ । दुई घण्टा लामो चलचित्र 'चिट्ठी' पुर्णतया हरर कमेडी तथा स्पेन्स र थ्रिलर शैलीमा तयार भएको छ । चलचित्र सेन्सर बोर्डले चलचित्रलाई पिजी सर्टिफिकेट दिएको छ, जसअनुसार १६ वर्ष मुनिका बालबालिकाले अभिभावकको साथमा चलचित्र हेर्न पाउने भएका छन् ।

चलचित्रमा खड्गबहादुर पुन मगर 'खवपु', सञ्जित भण्डारी, गोपाल ढकाल 'छन्दे', नवराज थापा, प्रवण भुषाल, मुस्कान लामा, कञ्चन चालिसे, नम्रता खरेलका प्रमुख भुमिका रहेको छ । त्यसैगरी मोहन निरौला, शान्तिप्रिय, श्रीदेव भट्टराई, रश्मि भट्ट, उद्धव भट्टराई, कृष्ण भट्टराई, डेविल सिंह राजपुत, राजन थापा, पुरुषोत्तम सानु, मुना निरौला, कविन्द्र त्रिपाठी लगायतका कलाकारहरू समेत विशेष भुमिकामा देखिएका छन् ।

संचारकर्मी सरोज कोईरालाको संगीत एवम् डा. कृष्णहरि बराल र कमला जोशीको शब्द रहेको चलचित्रका गीतहरूको लागी शिव परियार, बेनिशा पौडेल र बसन्त अर्यालको स्वर दिएका छन् । चलचित्रको कथा वस्तु अनुरूप तैयार भएको शिव ताण्डव गीतको संगीत संयोजन भने संगीतकार राजेन्द्र बजगाईंले गरेका हुन् । चलचित्रमा समावेश गरिएको शिव ताण्डवले पनि चलचित्रलाई एक अलग आकर्षण थप्ने विश्वास निर्देशक खरेलको रहेको छ ।

'चिठी' लाई जीवन पराजुली र राजन खरेलले खिचेका हुन् भने राजेश कुमारको सम्पादन, समिर मियाँको ग्राफिक्स तथा भिएफ एक्स, किरण दाहालको द्वन्द्व, पुष्कर खत्रीको पार्श्व संगीत, मनोज परियारको साउण्ड मिक्सिङ तथा अमित श्रेष्ठको फाइभ प्वाईन्ट वान साउण्ड डिजाईन रहेको छ ।

चलचित्रको गीत, ट्रेलर र पोष्टर छिट्टै सार्वजानिक गरिने निर्माण पक्षले जनाएको छ । चलचित्रको प्रचार प्रसार सामाग्री भने अमृत चापागाईं र साहिल खानको तैयार गरका छन् । चलचित्रको प्रचार प्रसार सामाग्री भने अमृत चापागाईं र साहिल खानको तैयार गरका छन् ।

# क्याप्टेन थापाको जीवनीमा चलचित्र 'क्याप्टेन साब' निर्माण हुँदै

■ प्रभाव संवाददाता




**काठमाडौं–** क्याप्टेन रामेश्वर थापाद्वारा लिखित अङ्ग्रेजी पुस्तक 'इन्टु द फायर' मा आधारित चलचित्र 'क्याप्टेन साब' निर्माण हुने भएको छ ।

बिहीबार आयोजित एक कार्यक्रमबीच सो चलचित्र निर्माण गर्न लागिएको निर्देशक दीपेन्द्रकुमार खनालले जानकारी दिए । क्याप्टेन थापाको जीवनीको उतारचढावलाई चलचित्रकै शैलीमा प्रस्तुत गरिने निर्देशक खनालको भनाइ छ । उनले भने, 'नियमित बनिरहेका भन्दा फरक शैलीको चलचित्र दर्शकमाझ ल्याउने कोसिस गर्दैछौं । आकाशमा भोग्ने चुनौती, यात्राको भोगाइ र व्यावसायिक जीवनलाई समेटेर चलचित्रलाई रोचक बनाउने प्रयास रहनेछ ।'

उक्त चलचित्रमा खगेन्द्र लामिछाने, सुरक्षा पन्त, सञ्जोग रसाइलीलगायतका कलाकारको अभिनय रहने निर्देशक खनालले जानकारी दिए । आगामी भदौको पहिलो सातादेखि छायाँकार कृष्णबहादुर थापाले काठमाडौं, चितवन र काभ्रेका विभिन्न स्थानमा उक्त चलचित्रको छायाङ्कन गर्नेछन् ।

द्वन्द्वकालमा नेपाली सेनाको एमआई-१७ हेलिकप्टरका प्रथम 'इन्स्ट्रक्टर' क्याप्टेन थापाको युद्धस्थलका उद्धार, भोगाइ एवं अनुभूतिमा अङ्ग्रेजी पुस्तक 'इन्टु द फायर' प्रकाशित छ ।

# दुर्गेशको नयाँ गीतले राख्यो कीर्तिमान

**काठमाडौं (प्रस)–** दुर्गेश थापा र सिसन बानियाँको नयाँ गीत 'जाने भए जाम माया'ले युट्युबमा कीर्तिमान रचेको छ ।

रिलिजको २४ घण्टाभित्र सर्वाधिक भ्यूज पाउने नेपाली गीतको रेकर्ड यसले बनाएको हो । यो गीत बुधबार बेलुका रिलिज भएको केही घण्टामै ट्रेन्डिङमा आएको थियो ।

गीतलाई २० घण्टामै १६ लाख ३६ हजारभन्दा धेरै पटक हेरिएको छ । यसअघि यस्तो रेकर्ड विष्णु माझीको गीत 'आइन आम यो तीजमा'ले राखेको थियो । माझीको गीतलाई रिलिजको दिनमा १५ लाख पटक हेरिएको थियो ।दुर्गेशको गीतले रिलिजको २० घण्टामै विष्णु माझीको गीतको उक्त रकर्ड तोडेको हो । यो समाचार लेख्दासम्म दुर्गेशको गीतलाई १६ लाख भन्दा धेरैपटक हेरिएको छ । यो गीत रिलिज अघिदेखि नै चर्चामा थियो ।





# एनपिएल आयोजनाको तयारीमा ध्यान दिन प्रधानमन्त्रीको निर्देशन



■ प्रभाव संवाददाता

**ललितपुर–** प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाल प्रिमियर लिग (एनपिएल)को आयोजनाको तयारी अगाडि बढाउन राष्ट्रिय खेलकुद परिषद् (राखेप)लाई आग्रह गरेका छन् ।

राखेपद्वारा सादोबाटोस्थित अन्तरराष्ट्रिय खेलकुद परिषद्मा निर्मित 'नेशनल हाइ पर्फमेन्स सेन्टर एण्ड स्पोर्टस् साइन्स रिसर्च सेन्टर'को उद्घाटन कार्यक्रममा प्रधानमन्त्री ओलीले 'टिम स्पिरिट'का साथ एनपिएल आयोजनाको तयारी अगाडि बढाउने काममा ध्यान दिन परिषद्लाई निर्देशन दिए ।

नेपाल क्रिकेट सङ्घ (क्यान)ले आयोजना गर्न लागेको दोस्रो संस्करणको एनपिएल आयोजनामा देखिएको अन्योललाई चिर्दै प्रधानमन्त्री ओलीले खेल क्षेत्रमा कुनै पनि राजनीतिक नगर्न सबैलाई आग्रह गरे । उनले नेपालको खेल क्षेत्र आम्दानी र व्यवसायको क्षेत्र पनि हो भन्ने स्थापित हुने स्थिति बन्दै गएको बताए ।

आफूले हालै स्पेन भ्रमणका क्रममा रियल म्याड्रिडको स्टेडियम हेरेर आएको स्मरण गर्दै प्रधानमन्त्री ओलीले दशरथ रङ्गलाशाको क्षमता कम भएकाले भक्तपुरको सूर्यविनायकमा कम्तीमा ५० हजार दर्शक अट्ने रङ्गशाला बनाउने घोषणा गरे ।

प्रधानमन्त्री ओलीले १०औँ राष्ट्रिय खेलकुद प्रतियोगिताको मिति अब पनि सार्ने काम भएमा राष्ट्रिय लज्जाको विषय हुने भएकाले आगामी मङ्सिरमा प्रतियोगिता गर्न परिषद्लाई निर्देशन दिए । आगामी मङ्सिर २ देखि ९ गतेसम्म सुर्खेतको वीरेन्द्रनगरमा १०औँ राष्ट्रिय खेलकुद प्रतियोगिताको मिति तय भएको छ ।

युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले सरकारले खेल क्षेत्रको पूर्वाधार विकासका साथै प्रोत्साहनका लागि काम भइरहेको बताए । परिषद्का उपाध्यक्ष ध्रुव आचार्यले राष्ट्रिय खेलकुद प्रतियोगिता र जापानमा हुने २० औं दक्षिण एसियाली खेलकुदमा नेपालले राम्रो तयारीका साथ प्रस्तुत हुने बताए ।

# ट्वान्टी–२० विश्वकप छनोटः नेपाल समूह 'बी' मा

**काठमाडौं (प्रस)–** ट्वान्टी-२० विश्वकप एसियाली तथा पूर्वी एसियाली क्षेत्रीय छनोटमा नेपालले पहिलो चरणको प्रतिस्पर्धामा नेपालले कुवेत र जापानसँग खेल्ने भएको छ ।

अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी) ले बिहीबार सार्वजनिक गरेको समूह विभाजनमा नेपाल, कुवेत र जापान समूह 'बी'मा परेका हुन् ।



सहभागी ९ टोलीलाई तीन समूहमा विभाजन गरिएको थियो, जसअनुसार समूह 'ए'मा संयुक्त अरब इमिरेट्स, मलेसिया र कतार छन् भने समूह 'सी'मा ओमान, पपुवा न्यु गिनी र समओले प्रतिस्पर्धा गर्नेछन् ।

सिंगल राउन्ड रोबिन पद्धत्तिको प्रतिस्पर्धापछि समूहका शीर्ष दुई टोलीले 'सुपर सिक्स'मा स्थान बनाउने छन् । सुपर सिक्सका शीर्ष तीन टोलीले आगामी वर्ष भारत र श्रीलंकाले संयुक्त रूपमा आयोजना गर्ने ट्वान्टी-२० विश्वकपमा स्थान बनाउने छन् ।

ओमानमा हुने छनोट प्रतियोगिता अक्टोबर ८ देखि १७ सम्म चल्नेछ ।


## Itahari Sub-Metropolitan City
## Office of the Municipal Executive
### Itahari, Sunsari

## Invitation for Bids

**First Date of Publication: 2082/03/27 BS**

1. Itahari Sub-Metropolitan City Office of the Municipal Executive, Itahari Sunsari invites NCB from eligible domestic bidders for the Contracts named below.

| S. N. | Contract Identification Number | Work/Description | Estimated Amount Without Vat (NRs) | Bid Price (NRs) | Bid Security Amount (NRs) | Bid Validity Period | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | ITR/NCB/ 26W/ 081/082 | Construction of Bituminous/Asphalt Concrete Road from Culvert (Infront of Lalu's House) to Boarder of Inaruwa Municipality, Itahari-15, Sunsari | 55,35,315.10 | 3,000 | 1,50,000 | 120 days | Single Stage Single Envelope |

2. Bidder Shall have the option of submitting their bids electronically only. Submission of Hard Copy bids shall not be entertained.
3. Matters not Covered in the notice shall be accordance with prevailing rules and regulation of GoN.
4. Any amendments in this Tender notice will be posted in the notice board of Itahari Sub-Metropolitan City, Office of the Municipal Executive or may Visit PPMO e-GP System at www.bolpatra.gov.np/egp.



दक्षिणी थाई सहर नाराथिवाटमा असाल्हा बुचा दिवस मनाउन आयोजित कार्यक्रममा विशाल बुद्ध मूर्तितिर अगाडि बढ्दै बौद्ध भक्तहरू । तस्बिरः एएफपी

# पूर्वराष्ट्रपति युन सुक योलको नयाँ गिरफ्तारी अनुमोदन

**सियोल–** दक्षिण कोरियाको एक अदालतले बिहीबार बिहान पूर्वराष्ट्रपति युन सुक योलको डिसेम्बरमा उनको संक्षिप्त मार्सल ल लगाउने कार्यसँग सम्बन्धित अभियोगमा नयाँ गिरफ्तारीलाई अनुमोदन गरेको छ । उनले प्रमाण नष्ट गर्ने जोखिम रहेको विशेष अभियोजकको दाबी स्वीकार गर्दै अदालतले नयाँ गिरफ्तारीलाई अनुमोदन गरेको हो ।

सियोल केन्द्रीय जिल्ला अदालतले जारी गरेको गिरफ्तारी वारेन्टले मार्चमा रिहा भएको चार महिनापछि युनलाई राजधानी नजिकैको हिरासत केन्द्रमा फिर्ता पठाएको छ । सोही अदालतले उनको जनवरीको गिरफ्तारीलाई खारेज गरेको थियो र उनलाई हिरासतमा नराखी विद्रोहको मुद्दामा खडा हुन अनुमति दिएको थियो ।

उनको आपराधिक मुद्दा विशेष अभियोजक चो युन-सुकको नेतृत्वमा रहेका अन्वेषकहरूको टोलीले सम्हाल्दै छ । टोलीले युनको अधिनायकवादी प्रयासका लागि आधिकारिक कर्तव्यमा बाधा पुऱ्याउने, शक्तिको दुरूपयोग र आधिकारिक कागजातहरू जालसाजी गर्ने सहित थप आरोपहरू लगाउँदै छ । आइतबार अदालतमा उनको गिरफ्तारी वारेन्टका लागि अनुरोध पेस गर्नुअघि चोको टोलीले उनलाई दुईपटक सोधपुछ गरेको थियो ।



युनका वकिलहरूले गिरफ्तारी अनुरोधलाई अत्यधिक र आधारहीन भनेर वर्णन गरेका थिए । संवैधानिक अदालतले युनको महाभियोगलाई समर्थन गरेपछि अप्रिलमा औपचारिकरूपमा पदबाट हटाइएका उनको गिरफ्तारीलाई अनुमोदन गर्ने अदालतको निर्णयमा उनीहरूले तुरुन्तै प्रतिक्रिया दिएनन् । विशेष अभियोजकको अनुरोधको समीक्षाका लागि बुधबार दिउँसो अदालतमा पुगेपछि युनले पत्रकारहरूको प्रश्नको जवाफ दिएनन् । करिब सात घण्टा चलेको सुनुवाइपछि युनलाई अदालतको निर्णय पर्खन हिरासत केन्द्रमा लगिएको थियो ।

युनको नयाँ गिरफ्तारीले सम्भावितरूपमा महिनौं वा त्यसभन्दा लामो हिरासतमा विस्तारित अवधिको सुरुआत गर्न सक्छ । युनलाई सुरुमा केन्द्रमा २० दिनसम्म हिरासतमा राख्न सकिन्छ । विशेष अभियोजकले उनलाई थप आरोपमा अभियोग लगाउने लक्ष्य राख्ने छन् ।

यदि युनलाई नयाँ अभियोगमा दोषी ठहर गरियो भने यसले उनलाई अदालतको प्रारम्भिक फैसला नआउञ्जेल छ महिनासम्म गिरफ्तारीमा राख्न सक्छ । यदि त्यो अदालतले उनलाई दोषी ठहर गऱ्यो र जेल सजाय जारी गऱ्यो भने, युनले त्यो सजाय भोग्नुहुनेछ किनकि यो मुद्दा सम्भवतः उच्च अदालतहरूमा जान सक्छ ।

चोको टोलीका एक वरिष्ठ अन्वेषक पार्क जी-यङले शुक्रबार युनलाई फेरि सोधपुछ गर्ने योजना बनाएको बताए । युन विद्रोहको आरोपमा उनको पहिलेको अभियोगमा सियोल अदालतमा बिहीबारको सुनुवाइमा अनुपस्थित थिए र उनका वकिलहरूले उनको अनुपस्थितिका लागि तत्काल कुनै स्पष्टीकरण दिएका थिएनन् ।

पूर्वरूढिवादी युनले डिसेम्बर ३ मा आफ्नो 'राज्य विरोधी' उदारवादी विरोधीहरूलाई आफ्नो एजेण्डामा बाधा पुऱ्याउन आफ्नो विधायीका बहुमत प्रयोग गरेको आरोप लगाउँदै आफ्नो मार्सल ल लगाउने कार्यलाई आवश्यक कदम कदम भनेर वर्णन गरे । तर नेसनल एसेम्बलीमा भारी सशस्त्र सैनिकहरूको नाकाबन्दी तोड्दै सांसदहरूको कोरमले उपाय हटाउन मतदान गरेपछि युनको आदेश केही घण्टामात्र चल्यो ।

युनलाई डिसेम्बर १४ मा सांसदहरूले महाभियोग लगाएका थिए र जनवरी २६ मा सरकारी अभियोजकहरूले उनलाई विद्रोहको प्रयासको मास्टरमाइण्डको आरोप लगाए तथा उनको शक्ति कब्जा विधायिका र निर्वाचन कार्यालयहरू कब्जा गर्ने र राजनीतिक विरोधीहरूलाई हिरासतमा लिने अवैध प्रयासको रूपमा वर्णन गरे । यी आरोपहरूको सजाय मृत्युदण्ड वा आजीवन कारावास हुनसक्छ ।

युनले आवश्यक कानुनी प्रक्रिया अनुशरण नगरी मार्सल ल लागू गरेको आरोपको पनि सामना गर्नुपरेको छ । उनमाथि औपचारिक क्याबिनेट बैठकद्वारा छलफल र जनवरीको सुरुमा कानुन प्रवर्तनद्वारा उनको निवासमा हिरासतमा राख्ने प्रारम्भिक प्रयासलाई रोक्न निजी सेनाजस्तै राष्ट्रपति सुरक्षा बललाई गैरकानुनीरूपमा तैनाथ गरेको आरोप लगाइएको छ ।

उनका उदारवादी प्रतिद्वन्द्वी तथा वर्तमान राष्ट्रपति ली जे म्यङले गत महिना युनको मार्सल ल विफलता र उनकी पत्नी र प्रशासनसँग सम्बन्धित अन्य आपराधिक आरोपहरूमा व्यापक विशेष अनुसन्धान सुरु गर्न कानुनलाई अनुमोदन गरे । लीले युनलाई प्रतिस्थापन गर्न जुनको तत्काल चुनाव जितेका थिए । *रासस⁄एपी*

# बंगलादेशका पूर्वशीर्ष प्रहरी मानवताविरूद्ध अपराधमा दोषी ठहर

**ढाका–** बंगलादेशका पूर्वप्रहरी प्रमुखले गत वर्ष प्रदर्शनकारीहरूमाथि गरिएको दमनका क्रममा मानवताविरुद्धको अपराधमा दोष स्वीकार गरेको र पूर्वप्रधानमन्त्री शेख हसिनालाई औपचारिकरूपमा अभियोग लगाइएको बिहीबार पुनः सुरु भएको मुद्दामा अभियोजकहरूले बताएका छन् ।

संयुक्त राष्ट्रसंघका अनुसार हसिनाको सरकारले विद्यार्थी नेतृत्वको विद्रोहलाई दमन गर्ने प्रयास गर्दा सन् २०२४ जुलाई र अगस्टका बीचमा एक हजार ४०० मानिस मारिएका थिए । बंगलादेशको अन्तर्राष्ट्रिय अपराध न्यायाधिकरण (आइसिटी) ले हसिनाको अपदस्थ सरकार र उनको अहिले प्रतिबन्धित पार्टी अवामी लिगसँग सम्बन्धित पूर्ववरिष्ठ व्यक्तिहरूलाई मुद्दा चलाइरहेको छ ।

'पूर्वप्रहरी महानिरीक्षक (आइजिपी) चौधरी अब्दुल्लाह मामुनले मानवताविरुद्धको अपराधमा दोष स्वीकार गरेका छन्,' आइसिटीका प्रमुख अभियोजक मुहम्मद ताजुल इस्लामले पत्रकारहरूलाई भने । 'जुलाई-अगस्ट विद्रोहको समयमा भएका अपराधहरूबारे आफूसँग भएका सबै जानकारी' दिँदै मामुनले साक्षीका रूपमा काम गरेर अदालतलाई सहयोग गर्न सहमत भएको इस्लामले बताए ।

अदालतले मामुनको सुरक्षा सुनिश्चित गर्न छुट्टै आवासको व्यवस्था गर्न अनुमोदन गरेको छ । न्यायाधिकरणले बिहीबार हसिना र उनका गृहमन्त्री असादुज्जमान खान कमालमाथिका आरोपहरू खारेज गर्न वकिलहरूको अनुरोध पनि अस्वीकार गरेको छ । दुवै हसिना र कमाललाई सोही मुद्दामा औपचारिकरूपमा अभियोग लगाइएको छ । हसिना र कमालका राज्यद्वारा नियुक्त वकिल आमिर हुसेन भने आशावादी छन् । 'मुद्दा प्रारम्भिक चरणमा छ र अन्य धेरै चरण छन्,' उनले भने ।

विरोध प्रदर्शनले आफ्नो १५ वर्षको शासन समाप्त गरेपछि ७७ वर्षीया हसिना हेलिकप्टरबाट भारत भागेकी थिइन् । उनले ढाका फर्कने प्रत्यर्पण आदेशको अवहेलना गरेका छन् । ढाकामा उनको अनुपस्थितिमा जुन १ मा मुद्दा सुरु भएको थियो । हसिनाले आइसिटीमा कम्तीमा पाँचवटा आरोपको सामना गरिरहेकी छन् । यसमा 'जुलाई विद्रोहको समयमा सामूहिक हत्याका लागि उक्साउने, प्रेरणा गर्ने, संलग्नता, सहजीकरण, षड्यन्त्र र रोकथाम गर्न असफल हुने' समावेश छन् । अभियोजकहरूले हिंसाका लागि हसिनाले समग्र कमाण्डको जिम्मेवारी लिएको बताएका छन् ।

उनलाई जुलाई २ मा छुट्टै मुद्दामा अदालतको अवहेलनाको दोषमा दोषी ठहराइएको थियो, जसमा छ महिनाको सजाय भएको थियो । फरार पूर्वमन्त्री कमाल पनि भारतमा रहेको विश्वास गरिन्छ। *रासस⁄एएफपी*

# पाकिस्तानमा भारी वर्षाका कारण ११ जनाको मृत्यु



**लाहोर (पाकिस्तान)–** पाकिस्तानको लाहोर, पञ्जाब प्रान्तका वरपरका जिल्लाहरू र बलुचिस्तानका केही भागमा भारी मनसुनी वर्षाले ११ जनाको मृत्यु भएको र अन्य धेरै घाइते भएको डनले बुधबार रिपोर्ट गरेको छ ।

डनका अनुसार भारी वर्षाले व्यापक बाढी निम्त्याउँदा दैनिक जीवनमा गम्भीररूपमा बाधा पुगेको छ । लाहोरमा, मुसलधारे वर्षाले तल्लो छेउछाउ र प्रमुख सडकहरू डुबानमा पारेको बताइएको छ । लाहोरको वाटर एण्ड सेनिटेसन एजेन्सी (वास) को तथ्यांकअनुसार यस क्षेत्रमा औसत ५८.८ मिलिमिटर, निश्तार टाउनमा सबैभन्दा बढी ८४ मिलिमिटर, लक्ष्मी चोकमा ७८ मिलिमिटर र पानीवाला तालाबमा ७४ मिलिमिटर वर्षा भएको छ ।

पञ्जाब प्रान्तका अन्य ठाउँमा, खानवाल (५१ मिलिमिटर) रावलपिण्डी (४२ मिलिमिटर) साहीवाल (४४ मिलिमिटर), मुर्री (४१ मिलिमिटर), ओकारा (३० मिलिमिटर) र अन्यसहित विगत २४ घण्टामा धेरै जिल्लामा भारी वर्षा रेकर्ड गरिएको छ । गुजरानवाला, बहावलपुर र मुल्तानलगायत अन्य धेरै सहरमा पनि वर्षाको अनुभव भएको बताइएको छ । पाकिस्तानको आपत्कालीन सेवा, उद्धार ११२२ का अनुसार पञ्जाबभरि वर्षासँग सम्बन्धित घटनामा नौ जनाको मृत्यु भएको छ ।

यसैबीच, बलुचिस्तानमा भारी वर्षा र तीव्र बतासका कारण मृत्यु र क्षति भएको छ । खुजदार र मस्तुङ जिल्लामा दुई जनाको मृत्यु भएको छ भने अर्को एक जना घाइते भएको डनले जनाएको छ । *रासस⁄एएनआई*

Government of Nepal
Ministry of Physical Infrastructure and Transport
**Department of Roads**
Federal Road Supervision & Monitoring Office, Itahari

**ROAD DIVISION ILAM**

**Invitation for Bids No: 01-082-83**

Date of first Publication: 2082/03/27 (11/07/2025)

1. Road Division Ilam invites electronic bids from eligible bidders for the following works:

| Contract Number | Description and location of work | Estimated Amount Without VAT (NRs) | Bid Security Amount (NRs) | Bid Security Validity Period | Bid document Fee NRs. | Bid Submission Deadline | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|
| RDILAM/ 337310113/ 082/83-1 | Periodic Maintenance Works along Biblyate - Maipokhari Section of NH-74 ( Ch 0+000 to Ch 7+500 ) | - | 5,33,000 | 120 days | 5,000.00 | 2082/04/26 12:00 Hrs. | 2082/04/26 13:00 Hrs. |
| RDILAM/ 337310113/ 082/83-02 | Rehabilitation Works along Biblyate-Puwa Khola section of Mechi Highway (Ch 120+500 to Ch 128+800 ) | - | 8,47,000 | 120 days | 5,000.00 | | |
| RDILAM/ 337310113/ 082/83-03 | Rehabilitation Works along Ranke - Phidim section of Mechi Highway [School Danda (Ch 164+000) to Lalikharka (Ch 168+000) Km] | 1,34,17,507.59 | 3,83,000 | 120 days | 3,000.00 | | |
| RDILAM/ 337310113/ 082/83-04 | Recurrent Maintenance Works along Harkate to Fikkal Section of Mechi Highway (Ch 71+000 to Ch 80+000), Fikkal Pashupatinagar Road (Ch 0+000 to Ch 3+500 and Ch 7+500 to Ch 10+750), Fikkal-Shree Antu-Chabbise Road(Ch 02+000 to Ch 15+000) | 22,22,296.37 | 64,000 | 120 days | 3,000.00 | | |
| RDILAM/ 337310113/ 082/83-05 | Recurrent Maintenance Works along Fikkal-Maikhola Section (Ch 80+000 to Ch 86+500, Ch 89+500 to Ch 92+000) and Bhanjyang-Biblyante Section (Ch 108+000 to Ch 119+000) of Mechi Highway | 28,35,021.34 | 81,000 | 120 days | 3,000.00 | | |
| RDILAM/ 337310113/ 082/83-06 | Recurrent Maintenance along Puwa Khola- Ranke-Phidim Section (Ch 129+000 to Ch 150+000, Ch 172+000 to Ch 177+000) and Jorsal –Tamor Section (Ch 0+000 to Ch 9+000) of Mechi Highway | 54,55,938.97 | 1,56,000 | 120 days | 3,000.00 | | |
| RDILAM/ 337310113/ 082/83-07 | Recurrent Maintenance Works along Jorsal-Hewa Khola – Gopetar Section (Ch 185+000 to Ch 195+000, Ch 195+000 to Ch 213+000, Ch 216+000 to Ch 226+000), Kabeli-Taplejung-Suketar Section (Ch 226+000 to Ch 239+000, Ch 239+000 to Ch 244+000) of Mechi Highway and Ganesh Chowk- Tharpu Section (Ch 0+000 to Ch 0+009) of Midhill Highway | 81,70,765.99 | 2,33,000 | 120 days | 3,000.00 | | |

2. Account Details for Bid Document Fee and Bid Security Deposit:

| | | | |
|---|---|---|---|
| Revenue a/c No. | 00101000000001001001 | Office code | 337010301 |
| Revenue Heading No. | 14229 | Bank | Nepal Bank Ltd, Ilam |
| Name of Office | Financial Comptroller General's Office | | |
| Deposit A/c No. | 04001000002003000001 | Office code | 337010301 |
| Name of Office | District Treasury Controller Office, Ilam | | |
| Bank | Nepal Bank Ltd, Ilam | | |

•Eligible Bidders may obtain further information at Road Division Ilam (Tel: 027-520049, email:droilam72@gmail.comor may visit PPMO's **website http://bolpatra.gov.np/egp**.

**Division Chief**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – १९२१०० | प्रति तोला – ० | प्रति तोला – २१७० |



छत्री बनाउँदै | तनहुँको म्याग्दे गाउँपालिका–६ मनपाङका एक वृद्ध छत्री बुन्दै । गाउँघरमा घाममा काम गर्दा घाम छेक्न प्रयोग गरिने छत्रीको प्रयोग पछिल्लो समय कम हुँदै गएको छ ।
*तस्बिरः कृष्ण न्यौपाने/रासस*

## विद्युत् उत्पादन र प्रसारणको व्यवस्था मिलाउन आग्रह

■ प्रभाव संवाददाता

**काठमाडौं–** स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान) ले गत मङ्गलबार बिहान चीनको तिब्बतदेखि नेपाल प्रवेश गर्ने ल्हेन्दे खोला हुँदै भोटेकोशीमा आएको बाढीले क्षतिग्रस्त संरचनाको पुनःनिर्माण गरी विद्युत् उत्पादन र प्रसारणको व्यवस्था मिलाउन आग्रह गरेको छ ।

इप्पानले एक प्रेस विज्ञप्ति जारी गर्दै क्षतिग्रस्त संरचनाको पुनःनिर्माणमा आवश्यक नीतिगत र प्रक्रियागत सहजीकरण गरी विद्युत् उत्पादन र प्रसारण हुने व्यवस्था मिलाउन तथा थप जनधनको क्षति हुन नदिन आवश्यक कार्य अघि बढाउन सरकारसँग आग्रह गरेको हो । बाढीले रसुवा र नुवाकोटमा निर्माणाधीन तथा सम्पन्न भइसकेका नेपालतर्फका १० भन्दा बढी जलविद्युत् आयोजनामा क्षति पु-याएको छ । इप्पानका अनुसार उक्त बाढीबाट सञ्चालनमा रहेका करिब



२५० मेगावाट हाराहारीका जलविद्युत् आयोजनाको उत्पादन बन्द हुनुका साथै ३५० मेगावाटभन्दा बढी क्षमताका आयोजनाको निर्माण कार्य रोकिएका छन् ।

इप्पानका अध्यक्ष गणेश कार्कीले १११ मेगावाट क्षमताको रसुवागढी जलविद्युत्, ६० मेगावाटको त्रिशूली-३ ए जलविद्युत्, २५ मेगावाटको त्रिशूली जलविद्युत् केन्द्र, २२ मेगावाटको चिलिमे जलविद्युत्, १४ मेगावाटको माथिल्लो मैलुङ, १४ मेगावाटकै देवीघाट जलविद्युत् परियोजना र पाँच मेगावाटको मैलुङ खोला जलविद्युत्को उत्पादन बन्द भएको बताए ।

'यीमध्ये मैलुङ, माथिल्लो मैलुङ, देवीघाट र त्रिशूली जलविद्युत् केन्द्रको विद्युत् प्रवाह हुने त्रिशूली ३ बी हब सवस्टेशनमा क्षति भएका कारण उत्पादन बन्द भएको हो,' उनले भने, 'देवीघाट, त्रिशूली र त्रिशूली-३ ए बाहेक अन्य सबै जलविद्युत् आयोजना निजी क्षेत्रसमेतको सहभागितामा निर्माण भएका आयोजना हुन् ।'

उनका अनुसार निर्माणाधीन आयोजनामा २१६ मेगावाटको माथिल्लो त्रिशूली-१, १०० मेगावाटको सुपर त्रिशूली, ३७ मेगावाटको त्रिशूली-३ बी जलविद्युत् आयोजनामा पनि बाढीले क्षति पुऱ्याउँदा यी आयोजनाको निर्माण कार्य रोकिएको छ । त्रिशूली-३ बी सवस्टेशन र प्रसारणलाइनमा क्षति पुगेका कारण यहाँबाट उत्पादन हुने विद्युत् आगामी केही दिनसम्म उत्पादन र प्रसारण नहुँदा हरेक दिन करोडौं रूपैयाँको उत्पादन घाटा व्यहोर्नुपर्ने कार्कीले जानकारी दिए ।

## चिमखोला-राहुघाट प्रसारणलाइनको परीक्षण

■ प्रभाव संवाददाता

**म्याग्दी–** म्याग्दीको राहुघाट वेशिनका जलविद्युत आयोजनाबाट उत्पादित विद्युतलाई केन्द्रीय प्रणालीमा आवद्ध गराउन निर्माण भएको दुई सय २० केभी क्षमताको चिमखोला-राहुघाट प्रशारण लाइनको परीक्षण थालिएको छ ।

पैतीस मेगावाट क्षमताको चिमखोला-मंगले राहुघाट, ४८.५ मेगावाट क्षमताको माथिल्लो राहुघाट, २१.३ मेगावाटको ठूलोखोला र २३.५ मेगावाट क्षमताको माथिल्लो ठूलोखोला जलविद्युत आयोजनाको विद्युतलाई केन्द्रीय प्रणालीमा आवद्ध गराउन चिमखोलादेखि गलेश्वर स्थित राहुघाट जलविद्युत आयोजनाको स्वीचयार्ड सम्म १३ किलोमिटर लामो प्रशारण लाइन निर्माण भएको हो ।

नेपाल विद्युत प्राधिकरण मार्फत रघुगङ्गा गाउँपालिका-३ अम्बाङमा निर्माणाधिन सवस्टेशन सम्पन्न नहुँदा सम्मको लागि अस्थायी रूपमा राहुघाटको स्वीचयार्डबाट २२० केभी क्षमताको दाना-खुर्कोट प्रशारण लाइन मार्फत केन्द्रीय प्रणालीमा विद्युत पठाउन लागिएको चिमखोला-मंगले राहुघाट र माथिल्लो राहुघाटको प्रर्वद्धक तुँदि पावरका प्रतिनिधि उपेन्द्र गौतमले जानकारी दिए ।

चिमखोला-मंगले राहुघाट र ठूलोखोला जलविद्युत आयोजनाको बाँध, सुरुङ, पेनस्टक पाइप लगायत भौतिक संरचना र विद्युतगृहका उपकरणको परीक्षण भइसकेको छ । माथिल्लो राहुघाट र माथिल्लो ठूलोखोला निर्माणको अन्तिम चरणमा छन् ।

चिमखोला देखि गलेश्वरस्थित राहुघाटको स्विचयार्ड जोड्ने प्रशारण लाइनमा विद्युत आपुर्ती गराएर परीक्षण गराउन थालिएको तुँदिका प्रतिनिधि गौतमले जानकारी दिए । परीक्षण लगत्तै केन्द्रीय प्रणालीमा विद्युत जोडिने उनले बताए । चिमखोलादेखि राहुघाटसम्म ३९ टावर छन् ।

चार आयोजनाले सहकार्य गरेर एउटै प्रशारण लाइन मार्फत विद्युत आपूर्ति गर्ने संरचना बनाएका छन् । एकदेखि अर्को आयोजनाको स्वीचयार्ड सम्म सम्बन्धित आयोजना र त्यसपछि सवस्टेशनतर्फ सहकार्य गरेर प्रशारण लाइन बनाएका हुन् ।

परीक्षण शुरु भएको प्रशारण लाइनको टावर र तार नछुन तथा राहुघाट नदी किनारमा जाँदा सतर्कता अपनाउन तुँदि पावरले एक सार्वजनिक सूचना जारी गरेर प्रभावित क्षेत्रका बासिन्दाहरूलाई आग्रह गरेको छ । रघुगङ्गा गाउँपालिकाको ३, ४ र ७ नम्बर वडामा प्रशारण लाइन र टावर निर्माण भएको छ ।

विद्युतगृहमा पानी हाल्न थालेपछि नदीको सतह घटबढ हुने हुँदा माछा मार्ने, पौडि खेल्ने, नुहाउने, दाउरा छोप्न नदी किनारमा नजान तथा गाईबस्तु र पशुचौपाया नलैजान आयोजनाले अनुरोध गरेको हो ।

## गण्डक नहरबाट पर्याप्त पानी उपलब्ध नहुँदा रोपाइँ गर्न समस्या

■ प्रभाव संवाददाता

**वीरगञ्ज–** छिमेकी मुलुक भारतले गण्डक सिँचाइ तथा जलविद्युत् योजनाको सम्झौताअनुसार गण्डक नहरमा पानी उपलब्ध नगराउँदा पर्सा, बारा र रौतहटमा कृषकलाई रोपाइँ गर्न समस्या भएको छ । तीन जिल्लाका कृषकले असारे धान रोपाइँका लागि बिउ तयार गरे पनि पानी उपलब्ध नहुँदा धान रोपाइँ प्रभावित बनेको छ ।

भारतीय पक्षले सम्झौताअनुसार गण्डक नहरमा ८५० क्यूसेक पानी उपलब्ध गराएको छैन । नारायणी सिँचाइ व्यवस्थापन कार्यालय पर्साका प्रमुख मनोजकुमार पटेलले भारतले अहिले दैनिक ५३५ क्यूसेक पानी मात्र उपलब्ध गराउँदै आएको छ ।

'हामीले भारतीय पक्षलाई सम्झौता बमोजिमको गण्डक नहरमा पानी उपलब्ध गराउन बुधबार पत्राचार गरेका छौं,' उनले भने । प्रमुख पटेलका अनुसार पर्याप्त पानी नहुँदा पर्सा, बारा र रौतहटमा अपेक्षाकृत ढङ्गले धानको रोपाइँ हुन सकेको छैन ।

'पर्सामा आइतबारदेखि मङ्गलबारसम्म गण्डक नहरबाट धान रोपाइँका लागि पानी दिइने गरिन्छ,' उनले भने, 'बारा र रौतहटका लागि भने बुधबारदेखि शनिबारसम्म पानी उपलब्ध गराउने गरिन्छ । तर, पर्साका किसानले बारा र रौतहटका कृषकको पालोको पानी पनि आफैले लैजाने समस्या छ ।'

कार्यालयका अनुसार पर्साको १ देखि ४ नम्बरसम्मको ब्लकमा धान रोपाइँ भएको छ भने बाराको मर्टिअर्वासम्म पानी पुगेको छ । नेपाल र भारतबीच सन् १९५६ डिसेम्बर ४ तारिखमा गण्डक सिँचाइ तथा जलविद्युत् योजना सम्झौता भएको थियो । सो सम्झौताअनुसार दुवै मुलुकमा सिँचाइ गर्ने उद्देश्यसहित भारत सरकारद्वारा नारायणी नदीमा ब्यारेज निर्माण गरी नारायणी सिँचाइ प्रणालीको विकास गरिएको थियो । सो सिँचाइ योजनाअन्तर्गत पर्सा, बारा र रौतहट जिल्लाको दक्षिणी भेगको ३७ हजार ४०० हेक्टर क्षेत्रफलमा सिँचाइ गर्न भारतीय पक्षले नेपालका लागि ८५० क्यूसेक पानी अटाउने गण्डक नहर निर्माण गरेर सन् १९७५ मा नेपाललाई हस्तान्तरण गरेको थियो ।

## बाँझिएका बारीहरूमा उखुखेती लगाउँदा...

**गुल्मी–** गुल्मीको छत्रकोट गाउँपालिका-४ दिगामका कृषकले व्यावसायिक उखुखेती गरेर राम्रो आम्दानी लिइरहेका छन् । सिंचाइका अभावमा बाँझिएका बारीहरूमा यतिबेला उखुखेतीले ढपक्कै बनेका छन् ।

छत्रकोट -४, दिगामका कृषक रामकृष्ण न्यौपानेलाई यतिबेला त्यही उखुबाट निस्किएको रसबाट गुड र खुदो उत्पादन गरेर बिक्री गर्न भ्याइनभ्याई छ । बिहान उज्यालो हुनासाथ बेलुकी अबेरसम्म पनि उनको परिवार गुड र खुदो उत्पादन गर्नमा ब्यस्त देखिन्छन् ।

गुड र खुदो बिक्री गरेर पाँच महिनाका अवधिमा न्यौपानेले झण्डै एक करोड रूपैयाँको कारोबार गरिसकेका छन् । गाउँबाट धेरै युवाहरू रोजगारीको खोजीमा भौतारी रहेको अबस्थामा छत्रकोट -४, दिगामका युवाहरू रामकृष्ण न्यौपाने, किरण न्यौपाने, जगदीश पाण्डे यतिबेला गाउँमै उखु खेतीमा रमाइरहेका छन् । उनीहरू तीनै जनाले संयुक्त रूपमा एक करोडको योजना बनाएर आफ्नै लगानीमा गाउँमै तीन वर्षदेखि व्यावसायिक तरिकाबाट उखु उत्पादन गरेर उद्योग स्थापना गरेका छन् । त्यही उद्योगबाट यतिबेला गुड र खुदो उत्पादन गर्दै आएका छन् ।

उखुको रसबाट बनेको गुड र खुदो बिक्री गरेर तीन जना युवाहरू आर्थिक संमृद्धिको खोजीमा जुट्न थालेका हुन् । उनीहरूले तीन सय रोपनी जग्गा भाडमा लिएर उखुखेती गर्न शुरु गरेका हुन् । गाउँमै उखु उद्योग स्थापना गरेर उनीहरूले उखुको रसलाई विविधिकरण गर्दै आएका छन् । आधुनिक मेशिनबाट पेलीएको उखुको रसलाई प्रशोधन गरि गुड र खुदोको ब्रान्डिङ् गरिएको छ । उनीहरूले कम्पनी मार्फत गाउँका एक सय २५ भन्दा बढी किसानहरूको उखु खरिद गरेर खुदो र गुड उत्पादन गर्दै आएका छन् ।

कृषि ज्ञान केन्द्र गुल्मीले न्यौपालेलाई उखु प्रशोधनका लागि आधुनिक मेशिन र भट्टी निर्माणका लागि ६ लाख ४५ हजार अनुदान रकम उपलब्ध गराएको छ । उक्त अनुदान रकममा थप गरेर उनीहरूले १२ लाख भन्दा बढी लगानिमा उखु प्रशोधनका लागि मेशिन जडान गरेका छन् । उक्त मेशिनबाट प्रति घण्टा २५ क्वीण्टल उखु पेल्न सक्ने क्षमता रहेको उद्योगका सञ्चालक रामकृष्ण न्यौपानेले बताए । कम्पनीमा उखुको रस प्रशोधन गरेर दैनिक खुदो र गुड बनाउने काम भइरहेको छ । यसरी बनाएको गुड प्रतिकिलो तीन सय रूपैयाँ र खुदो प्रतिलिटर एक सय ८० रूपैयाँ मुल्य पर्दछ ।

गाउँले ग्रुपको उद्योगमा हाल १५ जना व्यक्तिहरू प्रत्यक्ष रूपमा रोजगारीमा जोडिएका छन । गाउँमै उखुबाट समृद्धि खोज्न थाल्नु भएका न्यौपानेले कम्पनी मार्फत पाँच महिनाको अबधिमा एक करोड मुल्य भन्दा बढीको गुड र खुदो बिक्री भैसकेको बताए । उनले भने, 'बजारमा दिगामको गुड र खुदोको माग धेरै आउने गरेको छ, राम्रो गुणस्तरको भएरहोला उपभोक्ताहरूले पनि खोजी खोजी लैजाने गर्नुहुन्छ, कहिलेकाहीँ काग धेरै भएको समयमा हामीलाई मागल पुराउन पनि धौ-धौ पर्दछ ।'

कृषि ज्ञानकेन्द्र गुल्मीका बरिष्ट बालि संरक्षण अधिकृत प्रकाश मरासिनीले अनुसार यस वर्ष जिल्लामा पाँच करोड ७० लाख बराबरको गुडखुदो बिक्री भैसकेको बताए । जसअनुसार जिल्ला भित्र दुई करोड बराबरको खपत भएको छ भने तीन करोड ७० लाखको गुडखुदो बाहिर निर्यात भएको बताइएको छ ।

जिल्लाको छत्रकोट र रुरुक्षेत्रमा एक सय ९६ हेक्टर क्षेत्रफलमा कृषकहरूले उखु खेती गर्दै आएका छन् । जिल्लामा यस वर्ष पाँच सय ९४ मेट्रिकटन भन्दा धेरै गुड र खुदो उत्पादन भएको छ । रुरुक्षेत्र र छत्रकोटमा कुल छ सय २५ घरधुरीका कृषकहरू व्यावसायिक रूपमा उखु खेतीमा जोडिएका छन् । *रासस*

बक्यौता चुक्ता गर्ने बारे
**अत्यन्त जरुरी सूचना !**

यस **प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **प्रभाव राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशन गरी सहकार्य गर्दै आउनुभएका विज्ञापन एजेन्सी तथा विज्ञापनदाताहरूप्रति हार्दिक आभार व्यक्त गर्दछौं । साथै, चालु आर्थिक वर्ष २०८१/८२ मा विज्ञापन प्रकाशित गरेबापत हिसाब मिलान गर्न बाँकी रहेका विज्ञापन एजेन्सी तथा विज्ञापनदाताहरूलाई यही **असार मसान्त**सम्म सम्पूर्ण बक्यौता चुक्ता गरी हिसाब मिलान गर्नुहुन यसै सूचनामार्फत सादर अनुरोध गर्दछौं ।

लेखा शाखा
**प्रभाव पब्लिकेसन प्रा.लि.**
सिफल-७, काठमाडौं, नेपाल, फोनः ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००
Email: marketing2prabhab@gmail.com

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**ः एक्प्रेस कलर प्रेस, **कार्यालय**ः काठमाडौं-७, सिफल, नेपाल फोन नं.ः ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**ः marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**ः कृष्ण कार्की, **सम्पादक**ः विष्णु तामाङ